जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

Published by

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

In cooperation with

# घोराही उपमहानगरपालिकाको स्थानीय आर्थिक विकास रणनीति

२०७९–२०९९



# घोराही उपमहानगरपालिकाको स्थानीय आर्थिक विकास रणनीति

## २०७९–२०९९

घोराही उपमहानगरपालिका, दाङ
लुम्बिनी प्रदेश

प्राविधिक सहयोग एवम् सहजीकरण :
स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजना (LPED)
जी.आई.जेड.



नरूलाल चौधरी
(नगर प्रमुख)

# मन्तव्य

घोराही उपमहानगरपालिकाको दीर्घकालीन सोचसहितको २० वर्षे (२०७९–२०९९) आर्थिक विकास रणनीति तर्जुमा भएको छ । यस आर्थिक विकास रणनीति उपमहानगरपालिकाको आर्थिक विकासको मार्गदर्शक नीतिका रूपमा रहने विश्वास लिएको छु । विकासको प्रचुर सम्भावना रहेको घोराहीमा यस आर्थिक विकास रणनीतिले आगामी २० वर्षसम्मको उपमहानगरपालिकाको आर्थिक विकासका प्राथमिकता क्षेत्र निर्धारण गरी योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न मार्गनिर्देश गर्नेछ । यस रणनीतिले निर्धारण गरेको प्राथमिकता प्राप्त क्षेत्रमा सरकारी, निजी, सहकारी तथा अन्य विकास साझेदारहरूको लगानी अभिप्रेरित गरी रोजगारीको अवसर सिर्जना गर्न सहयोग पुग्नेछ ।

यस रणनीतिको सफल कार्यान्वयनले घोराही उपमहानगरपालिका क्षेत्रको समग्र विकासमा बहुआयामिक परिवर्तन आउने छ । घोराहीलाई जलवायुमैत्री र वातावरणमैत्री स्मार्ट सिटीका रूपमा विकास गर्दै निर्मित कृत्रिम तथा प्राकृतिक जलाशयहरूबाट सिँचाइ सुविधा, आर्थिक क्रियाकलाप सञ्चालन गरी उद्यमशीलता, व्यापार व्यवसाय, पर्यटन प्रवर्द्धन जस्ता गतिविधिहरूबाट आर्थिक आयआर्जन गर्न सकिनेछ । यसरी स्थानीय सीप, स्रोत साधनको अधिकतम उपयोग र परिचालन गरी स्थानीय विकासमा टेवा पुऱ्याउने अपेक्षा गर्दछु । स्थानीय विकासका तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका प्राथमिकता प्राप्त क्षेत्रहरूको पहिचान गर्दै नवसिर्जनशील, अध्ययन अनुसन्धान तथा अन्वेषणात्मक कार्यहरू गर्दै यस नगरका नागरिकहरूको जीवनस्तर माथि उठाउन यस रणनीतिक दस्तावेज कोशेढुङ्गा साबित हुने देखिन्छ ।

अन्त्यमा, स्थानीय आर्थिक विकास रणनीतिको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दै रणनीति तयार पार्न सहयोग पुऱ्याउनु हुने जी.आई.जेड. प्राविधिक सल्लाहकार, परामर्शदाता डा. बद्रीप्रसाद बस्ताकोटी, दुर्गादत्त रेग्मी, घोराही उपमहानगरपालिकाका विषयगत समिति, विभिन्न विषयगत क्षेत्रका प्रबुद्ध व्यक्तिहरू, आर्थिक विकास रणनीति निर्माण कार्यदल लगायत सम्पूर्ण जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारी साथीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**नरूलाल चौधरी**

प्रमुख, घोराही उपमहानगरपालिका



**हुमा कुमारी डि.सी.**
**(नगर उप-प्रमुख)**

## मन्तव्य

मुलुक सङ्घीय संरचना अनुसार अगाडि बढिरहेको सन्दर्भमा घोराही उपमहानगरपालकाको २० वर्षे (२०७९–२०९९) दीर्घकालीन आर्थिक विकास रणनीति प्रकाशन हुन लागेकामा अत्यन्तै हर्षित छु । नेपालको संविधानमा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा नीति योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने उल्लेख छ । सोही बमोजिम यस रणनीतिले राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर र उन्नतिशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य लिएको छ । 'समृद्ध घोराही सुखी नागरिक'को दीर्घकालीन सोचसहित घोराही उपमहानगरपालिकाको आर्थिक विकास र समृद्धिका लागि यस दीर्घकालीन रणनीतिले मार्गदर्शन गर्नेछ । घोराही उपमहानगरपालिका आर्थिक विकासका प्राथमिकताका क्षेत्रहरूमा लगानी अभिवृद्धि गरी नागरिकहरूको जीवनस्तर माथि उठाउन प्रयासरत रहेको छ । यस पालिकाको दिगो सामाजिक आर्थिक विकासका लागि यस रणनीति अनुसारका योजना तथा कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन हुने विश्वास लिएको छु । स्थानीय तहको विकासका आधारका रूपमा रहेको बस्ती, टोल, वडा स्तरबाटै स्थानीय नागरिकका माग र आवश्यकता अनुसार आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूमा आर्थिक गतिविधि एवम् लगानी बढाई आयआर्जन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यस उपमहानगरपालिकाको दीर्घकालीन रणनीतिले विकासको निश्चित ढाँचा (Roadmap) समयावधि तोकी आफ्नो लक्ष्य उद्देश्य अनुसार योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याई कार्यान्वयन गर्न मार्गदर्शन गर्नेछ । घोराही उपमहानगरपालिकाको स्थानीय सीप, स्रोत साधनको उच्चतम उपयोग गर्दै स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्दै, लघुउद्यम व्यवसाय विकास तथा विस्तार कृषिमा यान्त्रिकीकरण तथा आधुनिकीकरण, पर्यटन क्षेत्रको प्रचारप्रसार, जलाशयको आर्थिक विकासका बहुपक्षीय क्षेत्रमा उपयोगका साथै सूचना प्रविधिको उच्चतम उपयोग गर्दै पालिकाको आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, यस २० वर्षे दीर्घकालीन रणनीतिको सफल कार्यान्वयनमा सबैले आआफ्नो क्षेत्रबाट समुचित योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दै यस रणनीति तयार पार्न सहयोग गर्नुहुने जी.आई.जेड. टिम, प्राविधिक सल्लाहकार, परामर्शदाता, विभिन्न विषयगत विज्ञहरू, जनप्रतिनिधि रणनीति निर्माण कार्यदल, घोराही उपमहानगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरू लगायत समग्र सहयोगीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।





**भोजराज घिमिरे**
**(प्रमुख प्रशासकीय अधिकृत)**

## मन्तव्य

विकास योजनाको मार्गचित्र दीर्घकालीन रणनीतिक प्रारूपले प्रदान गर्दछ । यही सिद्धान्तको मर्मलाई आत्मसात गर्दै घोराही उपमहानगरपालिकाको दीर्घकालीन सोचसहितको २० वर्षे (२०७९–२०९९) आर्थिक विकास रणनीति तर्जुमा भएको छ । यस आर्थिक विकास रणनीति उपमहानगरपालिकाको आर्थिक विकासको मार्गदर्शक नीतिका रूपमा रहने विश्वास लिएको छु । विकासको प्रचुर सम्भावना रहेको घोराहीमा यस आर्थिक विकास रणनीतिले आगामी २० वर्षसम्मको उपमहानगरपालिकाको आर्थिक विकासका प्राथमिकता क्षेत्र निर्धारण गरी सोही अनुरूप योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न मार्गनिर्देश गर्नेछ । यस रणनीतिले निर्धारण गरेको प्राथमिकता प्राप्त क्षेत्रहरूमा सरकारी, निजी, सहकारी तथा अन्य विकास साझेदारहरूको लगानी अभिप्रेरित गरी रोजगारीको अवसर सिर्जना गर्न सहयोग पुग्नेछ ।

यस रणनीतिको कार्यान्वयनले घोराही उपमहानगरपालिका क्षेत्रको समग्र विकासमा बहुआयमिक परिवर्तन आउने विश्वास लिइएको छ । घोराहीलाई जलवायुमैत्री र वातावरणमैत्री स्मार्ट सिटीका रूपमा विकास गर्दै निर्मित कृत्रिम तथा प्राकृतिक जलाशयहरूबाट सिँचाइ सुविधा, आर्थिक क्रियाकलाप सञ्चालन गरी उद्यमशीलता, व्यापार व्यवसाय, पर्यटन प्रवर्द्धनजस्ता गतिविधिहरूबाट आर्थिक आयआर्जन गर्न सकिनेछ । यसरी स्थानीय सीप, स्रोत साधनको अधिकतम उपयोग र परिचालन गरी स्थानीय विकासमा टेवा पुऱ्याउने अपेक्षा गरेको छु । स्थानीय विकासका तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका प्राथमिकता प्राप्त क्षेत्रहरूको पहिचान गर्दै नवसिर्जनशील, अध्ययन अनुसन्धान तथा अन्वेषणात्मक कार्यहरू गर्दै यस नगरका नागरिकहरूको जीवनस्तर माथि उठाउन यस रणनीतिक दस्तावेज कोशेढुङ्गा साबित हुने देखिन्छ ।

अन्त्यमा, स्थानीय आर्थिक विकास रणनीतिको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दै रणनीति तयार पार्न सहयोग पुऱ्याउनुहुने स्थानीय एवम् प्रादेशिक आर्थिक विकास परियोजना र जी.आई. जेड.का प्राविधिक सल्लाहकार, परामर्शदाता डा. बद्रीप्रसाद बस्ताकोटी, दुर्गादत्त रेग्मी, घोराही उपमहानगरपालिकाका विषयगत समिति, विभिन्न विषयगत क्षेत्रका प्रबुद्ध व्यक्तिहरू, आर्थिक विकास रणनीति निर्माण कार्यदल लगायत सम्पूर्ण जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारी साथीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



# कृतज्ञता

यस महत्त्वपूर्ण दस्तावेज तयार गर्ने कार्यमा प्राविधिक, आर्थिक सहयोगका साथै बौद्धिक विचार, बहस एवम् निरन्तर रूपमा सहभागी भई योगदान गर्नुहुने सबैमा उपमहानगरपालिका हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

- स्थानीय एवम् प्रादेशिक आर्थिक विकास परियोजना, जी.आई.जेड. ललितपुर, नेपाल
- घोराही उद्योग वाणिज्य सङ्घ
- होटल व्यवसायी सङ्घ
- जिल्ला सहकारी सङ्घ
- गैरसरकारी महासङ्घ, जिल्ला शाखा, दाङ
- महेन्द्र बहुमुखी क्याम्पस, घोराही
- तरकारी फलफूल व्यवसायी सङ्घ
- मौरीपालन कृषक सङ्घ
- मासु व्यवसायी सङ्घ
- पत्रकार महासङ्घ, घोराही शाखा
- मस्यौदा तयारी कार्यदल समूह

खोपीराम चौधरी, होमलाल भुसाल, ईश्वरराज पाण्डे, रामप्रसाद पोखरेल, अरूणकुमार शर्मा, गोविन्द शर्मा र प्रेम के.सी. ।

# विषयसूची


| | |
|---|---|
| मन्तव्य | ५ |
| मन्तव्य | ६ |
| मन्तव्य | ७ |
| कृतज्ञता | ८ |
| १. कार्यकारी सारांश | १५ |
| २. परिचय | १८ |
| २.१ पृष्ठभूमि र उद्देश्यहरू | २२ |
| २.२ विकास सिद्धान्त र तयारी विधि | २२ |
| ३. उत्पादन र आर्थिक क्षेत्रका सम्भाव्य क्षेत्र र प्राथमिकताहरू | २७ |
| ३.१ परिचय | २७ |
| ३.२ पहिचान गरिएका प्रमुख क्षेत्रहरू | २८ |
| ३.३ पहिचान गरिएको प्रमुख क्षेत्र नं २ – कुखुरापालन | २९ |
| ३.४ पहिचान गरिएको प्रमुख क्षेत्र नं ४ – मौरीपालन | ३० |
| ३.५ पहिचान गरिएको प्रमुख क्षेत्र नं ५ – पर्यटन | ३१ |
| ३.६ पहिचान गरिएको प्रमुख क्षेत्र नं ६ – स्वास्थ्य, शिक्षा र सूचना प्रविधिः | ३२ |
| ४. व्यावसायिक वातावरण र आर्थिक सुशासन | ३३ |
| ४.१ व्यावसायिक वातावरण सर्वेक्षण २०२१ | ३४ |
| ४.२ व्यावसायिक वातावरण सर्वेक्षण २०२२ | ३५ |
| ४.३ सान्दर्भिक योजनाको सन्दर्भ | ३७ |
| ५. क्षेत्रीय प्रतिस्पर्धात्मक लाभ र आर्थिक सम्भावनाहरू | ३८ |
| ५.१ विकासको बाटो | ३८ |
| ५.२ स्थान विशेषका कारकहरू | ३९ |
| ५.३ क्षेत्रीय प्रतिस्पर्धात्मक लाभहरूमा निष्कर्ष | ४१ |
| ५.४ संस्थागत संरचना र अवस्था | ४१ |
| ६. रणनीतिक तत्त्वहरू | ४७ |
| ६.१ स्थानीय आर्थिक विकासका लागि दूरदृष्टि/परिकल्पना, ध्येय तथा लक्ष्यहरू : | ४७ |

७. गम्भीर अनिश्चितता र भविष्यको परिदृश्यहरू ४९

७.१ वान्छनीय परिदृश्य ४९

८. वान्छित भविष्यको परिदृश्यका लागि क्रियाकलाप एवम् कार्यक्रमहरू ५०

८.१ आर्थिक विकासका क्षेत्रहरू एवम् क्रियाकलापहरू : ५०

८.२ आर्थिक क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू ५५

९. कार्यान्वयन संयन्त्र ५६

९.१ सरोकारवालाहरूको जिम्मेवारी र कार्यान्वयन संरचना ५६

९.२ अनुगमन तथा मूल्याङ्कन प्रणाली ५८

९.३ रणनीति कार्यन्वयनका लागि सम्भावित बजेटको व्यवस्था र स्रोत : ५९

९.४ लगानीका स्रोतहरू ६०

९.५ सरकारको प्रतिबद्धता ६०

९.६ विकास साझेदारहरूको सहयोग ६०

९.७ जीवित रणनीति ६०

अनुसूची १ : सन्दर्भहरूको सूची ६१

अनुसूची २ : आर्थिक विकास रणनीति तर्जुमाको ढाँचा ६२

अनुसूची ३ : आर्थिक सुशासन र व्यावसायिक वातावरण सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने उपायहरूका पक्षमा विचार मंथन गर्न राखिएका प्रमुख प्रश्नहरू ६३

अनुसूची ४ : भविष्यका परिदृश्यहरू ६५

# चित्र, बक्स र तालिका

*तालिका नं १ : व्यावसायिक वातावरण सर्वेक्षण, २०२१/२०२२ को मुख्य नतिजा घोराही उपमहानगरपालिका :* ३६

*तालिका नं २ : सङ्घ र प्रदेशबाट सञ्चालित योजनाहरू* ३७

*तालिका नं ३ : समयक्रममा देखिएका घटनाहरू एवम् यसको प्रभावहरू* ३८

*तालिका नं ४ : आर्थिक विकासका क्षेत्रहरू एवम् क्रियाकलापहरू :* ५०

*तालिका नं ५ : आर्थिक विकास रणनीति कार्यन्वयन समिति* ५६

*तालिका नं ६ : अनुगमन समिति* ५७

*तालिका नं ७ : वार्षिक कार्यक्रम अनुगमन तथा मूल्याङ्कन खाका* ५८

*तालिका नं ८ : व्यावसायिक वातावरणका कमजोर पक्ष र सुधारका लागि प्रस्तुत बिषयहरूः* ६३

# १. कार्यकारी सारांश

भौगोलिक रूपमा लुम्बिनी प्रदेशअन्तर्गत बृहत्तर दाङ उपत्यकाको मध्यभागमा पर्ने घोराही उपमहानगरपालिका नेपालको सबैभन्दा ठूलो उपमहानगरपालिका हो । एसियाकै ठूलो दाङ उपत्यकाअन्तर्गत पर्ने यस उपमहानगर पालिकामा रोजगारीको बढ्दो अवसर, कृषि एवम् पशुपक्षी उत्पादन क्षेत्र र व्यापार व्यवसायका कारण विभिन्न उद्योगी, व्यवसायी, पेसाकर्मी र उद्यमीहरूको बसाइ रहेको छ ।

समावेशी र दिगो स्थानीय आर्थिक विकासका लागि दिशानिर्देश गर्न 'समृद्ध घोराही, सुखी नागरिक' नारासहित यो रणनीतिक दस्तावेज तयार पारिएको छ । यस रणनीति तयारीमा स्थानीय तथा क्षेत्रीय आर्थिक विकासको अवधारणालाई प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गरिएको यस आर्थिक विकास रणनीति तर्जुमा गर्दा पूर्णतया सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको छ । साथै सन्दर्भसामग्रीका रूपमा प्रतिस्पर्धात्मक लाभको सहभागितामूलक मूल्याङ्कन प्रतिवेदन लगायत विभिन्न मूल्य शृङ्खला अध्ययन प्रतिवेदनहरू, प्रदेश एवम् पालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट आदिको विश्लेषण गरिएको थियो ।

विभिन्न आठ सूचकहरूको प्रयोग गरी तयार पारिएको व्यावसायिक वातावरण सर्वेक्षण २०२०/२१[१] र २०२१/२२ ले समग्र घोराही उपमहानगरपालिकाको व्यावसायिक वातावरणको सबल र कमजोर पक्षहरूलाई विश्लेषण गरी देखाएका छन् । यस सर्वेक्षणबाट प्राप्त सुझाव एवम् सिफारिस गरिएका विषयसमेत सम्बोधन हुने गरी रणनीतिक क्रियाकलापहरू तय गरिएका छन् ।

प्रतिस्पर्धात्मक लाभको सहभागितामूलक मूल्याङ्कन प्रतिवेदन उपमहानगरपालिका, स्थानीय उद्योगी, व्यवसायी, किसान, महिला एवम् विज्ञहरूसँगको छलफलबाट आर्थिक विकासका लागि तरकारी खेती, कुखुरापालन, मौरीपालन, पर्यटन र स्वास्थ्य, शिक्षा तथा सूचना प्रविधि गरी ६ वटा प्रमुख आर्थिक उपक्षेत्रहरू पहिचान गरिएको छ । तथापि रणनीति तयार गर्ने क्रममा प्राप्त सुझाव एवम् अन्तर्क्रियाका आधारमा रणनीतिका प्रमुख क्षेत्र र सोसँग सम्बन्धित क्रियाकलापहरू तय गरिएको छ ।

आगामी २० वर्षका लागि ध्यान दिँदै तयार गरिएको यस रणनीतिको दूरदृष्टि उद्योग, वाणिज्य, कृषि, पर्यटन र सहकारीको दिगो विकासको माध्यमबाट स्थानीय स्रोतसाधन, गतिशील उद्यमशीलतामा आधारित, प्रतिस्पर्धी, समावेशी, सन्तुलित र समतामूलक आर्थिक विकाससहितको 'समृद्ध घोराही र सुखी नागरिक' रहेको छ । साथै, योजनाबद्ध दिगो आर्थिक विकासका गतिविधिद्वारा नगरबासीहरूको सम्मानित एवम् उच्च सामाजिक आर्थिक रूपान्तरण गर्ने ध्येय यसले लिएको छ ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय आर्थिक वृद्धिदर बढाउन खाद्यान्न उत्पादन र उत्पादकत्व अवस्थाको अध्ययनमार्फत स्थितिपत्र तयार गरी हरेक बालीको उत्पादन र उत्पादकत्व बढाउने

---

[१] २०२०/२१ को व्यावसायिक वातावरण सर्भेक्षणमा ७ सुचकहरूको प्रयोग भएको छ ।

कार्य योजना तयार गर्ने रणनीति लिइएको छ । साथै, खाद्यान्न बालीहरूको बिउ उत्पादन केन्द्र विकास गरी बृहत्तर मूल्य शृङ्खलामा आबद्ध गर्ने र असल कृषि अभ्यास र प्राङ्गारिक कृषि प्रणाली प्रवर्द्धन र प्रसार गर्न मद्दत गर्ने लक्ष्य लिइएको छ ।

तरकारी उत्पादनमा आत्मनिर्भर हुँदै निर्यातमुखी उत्पादन अभिवृद्धि गर्न मूल्य शृङ्खलामा आधारित फलफूल प्रशोधन व्यवसायलाई प्रवर्द्धन गर्ने र व्यावसायिक पुष्पखेती प्रवर्द्धन गर्दै अन्तरजिल्ला एवम् अन्तरप्रदेश निर्यात गर्ने रणनीति लिइएको छ । अदुवा, प्याज, धनियाँ, जिरा, खुर्सानी जस्ता मसला बालीहरूको उत्पादन वृद्धि गर्दै स्थानीय एवम् अन्य जिल्लाहरूको उत्पादनको सङ्कलन केन्द्रका रूपमा विकास गर्ने योजना बनाइएको छ ।

त्यसैगरी गाई, भैंसी, बाख्रापालनलाई नाफामूलक व्यवसाय बनाउन उत्पादन प्रणालीलाई उच्च मूल्य शृङ्खलामा जोड्दै पशु-नश्ल सुधारका कार्यहरू गर्ने र मापदण्ड बमोजिम वधशालाहरूलाई व्यवस्थित गर्ने रणनीति लिइएको छ । यससँग सम्बन्धित मासु, अन्डा, चल्ला, दाना उत्पादन उद्योगको प्रवर्द्धन गर्दै अन्तर जिल्ला र प्रदेशमा निर्यात गर्ने योजना बनाइएको छ । साथै, माछामा आत्मनिर्भर बन्ने र विभिन्न बाली एवम् वनस्पतिमा आधारित मह उत्पादनलाई विशिष्टीकृत व्यवसाय बनाउँदै निर्यात मूल्य शृङ्खलासँग जोड्ने लक्ष्य लिइएको छ ।

लोपोन्मुख बालीहरूको संरक्षण र प्रवर्द्धन गर्न दाङको पहिचान झल्काउने खालका बस्तु एवम् तुलनात्मक लाभका बस्तुहरूको उत्पादकत्व वृद्धिका लागि यान्त्रीकरण र उन्नत प्रविधि अवलम्बन गर्न नीतिगत व्यवस्था मिलाइनेछ । वैज्ञानिक भू-उपयोग नीति अवलम्बन गर्दै अनियन्त्रित हुँदै गइरहेको कृषियोग्य जमिनको भूखण्डीकरणलाई नियन्त्रण गर्ने र दिगो भूव्यवस्थापन प्रणालीको विकास र विस्तार गर्ने नीतिगत सुधारहरू गरिनेछ ।

बजार पूर्वाधार, कृषि एवम् पशु हाटबजार, कृषि उपज सङ्कलन केन्द्र स्थापना, ढुवानी व्यवस्थापन र आधुनिक पूर्वाधारको व्यवस्था गर्ने र माटो, रोग आदि परीक्षणका लागि आवश्यक प्रयोगशालाको व्यवस्था गरी आवश्यक सुधारका सेवाहरू प्रदान गर्ने, बाली तथा पशुपक्षी बीमा लागु गर्ने रणनीति तयार गरिएको छ । सार्वजनिक, निजी, सहकारी एवम् कृषक समूहको संयुक्त लगानीमा प्राङ्गारिक मल उत्पादन कारखानाको समेत स्थापना र सञ्चालन गरिनेछ ।

औद्योगिक क्षेत्रको स्थापना, साना उद्योग र उद्यमशीलताको विकास र विस्तारका लागि स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना, विविधीकरण एवम् रूपान्तरणलाई प्राथमिकताका साथ लागु गरिनेछ । साना उद्यमलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने, ४३-४३ वटा दुग्ध, घाँस र माछा उत्पादन व्यवसाय सञ्चालन गर्ने लक्ष्य लिइएको छ । पूर्ण प्याकेजसहितको इन्कुबेसन प्रणाली अवलम्बन गरी नवप्रवर्तनमा आधारित उद्यमशीलता विकास गर्ने रणनीति तय गरिएको छ ।

पर्यटन पूर्वाधार विकास र प्रचार प्रसार गर्न ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवम् जातीय पहिचानका सङ्ग्रहालय स्थापना गरी अनुसन्धान एवम् अवलोकनका लागि सञ्चालन गर्ने र स्थानीय कला, संस्कृति र खानाको प्रवर्द्धन गर्न विभिन्न प्रदर्शनीहरूको आयोजना तथा स्थानीय होटलहरूसँग समन्वय गरी कार्यक्रमहरू बनाई लागु गर्ने रणनीति लिइएको छ ।

प्राविधिक एवम् प्राज्ञिक शिक्षा, स्वास्थ्य क्षेत्रको केन्द्र 'हब' निर्माण गर्न शैक्षिक एवम् स्वास्थ्य प्रतिष्ठान स्थापनाका लागि बहुपक्षीय लगानी प्रवर्द्धन गरिनेछ । सार्वजनिक स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिष्ठानहरूलाई प्रतिष्पर्धी बनाउँदै नगरभित्रका नागरिकहरूको शिक्षा एवम् स्वास्थ्य पूर्ण निःशुल्क बनाउने रणनीति तय गरिएको छ ।

भौतिक पूर्वाधार निर्माण र विस्तारका लागि उच्च गुणस्तरीय सडक सञ्जाल विस्तार गर्ने, सिँचाइ नहर, कुलो, जलाशय निर्माण मर्मत सम्भार गर्ने, अन्तरजिल्ला पहुँचका लागि सर्वसुलभ हवाई मार्ग तथा सडक निर्माण गर्ने, सहरी स्वच्छता एवम् सभ्यताका लागि उचित ढल निकासको प्रबन्ध गर्ने योजना बनाइएको छ ।

जलवायु परिवर्तन अनुकूलन योजना र प्राकृतिक विपद् व्यवस्थापनका लागि स्थानीय अनुकूलन कार्य योजनाको (LAPA) अल्पकालीन र दीर्घकालीन रणनीति तयार गरी लागु गर्ने, जलाशय वरिपरि क्लाइमेट स्मार्ट भिलेज प्रवर्द्धन गर्ने, जोखिमयुक्त क्षेत्रहरू पहिचान गरी प्राकृतिक विपद्लाई न्यूनीकरण गर्ने र जलवायु तथा विपद् व्यवस्थापनमा पूर्व सूचना प्रविधि प्रणाली अवलम्बन गर्ने रणनीति बनाइएको छ ।

सामाजिक समावेशी र लैङ्गिक समता प्रवर्द्धन गर्न हरेक आर्थिक गतिविधिमा सामाजिक समावेशितालाई सुनिश्चितता गर्ने, आर्थिक आयआर्जन तथा सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने र गरिब घरपरिवार, युवा, महिला सशक्तीकरण वित्तीय साक्षरता, सामाजिक सचेतना तथा क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ ।

वित्तीय तथा सहकारी संस्थाहरूको लगानी वृद्धि गर्न कृषि सहकारी तथा कृषि समूहमार्फत ४३ वटा जलाशयका कमान्ड क्षेत्रमा कम्तीमा ४३ वटै तरकारी फर्म सञ्चालन गर्ने, नतिजामा आधारित कृषि उत्पादनलाई सहुलियत दरमा ब्याज प्रदान गर्ने, परियोजनामा आधारित कर्जा प्रवाह गरी लगानी प्रवर्द्धन गर्ने योजना लिइएको छ ।

सार्वजनिक-निजी क्षेत्र साझेदारीमार्फत लगानी प्रवर्द्धन गर्न हरेक पाँच वर्षमा लगानी प्रवर्द्धन सम्मेलन आयोजना गर्ने र उद्योग एवम् व्यवसायको सम्भाव्यता अध्ययन गरी लगानी योग्य परियोजनाको डाटा बैङ्क स्थापना गर्ने रणनीति तय गरिएको छ ।

अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक दायरामा ल्याउन त्यस्ता व्यवसायहरूको दर्ता प्रक्रियालाई सहजीकरण गर्ने र व्यवसाय शुल्कलाई न्यूनतम गर्दै सबै व्यवसायलाई नगरपालिकाको अभिलेखमा सूचीकृत गर्ने लक्ष्य राखिएको छ । साथै, आर्थिक क्षेत्रका प्रतिष्ठानहरूको सेवा, कारोबार, सम्पर्क आदिलाई चुस्त, दुरूस्त, पारदर्शी एवम् प्रभावकारी बनाउन डिजिटाइजेसन गर्ने रणनीति लिइएको छ ।

यस रणनीतिलाई प्रभावकारी र समन्वयात्मक ढङ्गले लागु गर्नका लागि उपमहानगरपालिकाका प्रमुखको संयोजकत्वमा एक प्रभावकारी संयन्त्र बनाई कार्यक्रमहरूको निरन्तर समन्वय, अनुगमन, मूल्याङ्कन र सिकाइको सुनिश्चितता गर्ने र व्यावसायिक वातावरण अनुकूल सहजीकरण गर्न ऐन कानुन र कार्यविधि निर्देशिका तयार गरी लागु गरिनेछ ।

# २. परिचय

भौगोलिक रूपमा लुम्बिनी प्रदेश अन्तर्गत बृहत्तर दाङ उपत्यकाको मध्यभागमा पर्ने घोराही उपमहानगरपालिका नेपालको सबैभन्दा ठूलो उपमहानगरपालिका हो जसको क्षेत्रफल ५२२.२१ वर्ग कि.मि. रहेको छ ।[२] वि.सं. २०३५ साल माघ १५ गते त्रिभुवन नगर पञ्चायतको रूपमा स्थापित यस उपमहानगरपालिका वि.सं. २०६५ साल कात्तिक २० गते नेपाल सरकारको निर्णयानुसार त्रिभुवन नगरपालिकाको नाम परिवर्तन भएर घोराही नगरपालिका भएको थियो र सङ्घीय नेपालको नयाँ शासकीय संरचना गठनपश्चात् मिति २०७३/०१/२२ गतेको नेपाल सरकारको निर्णय र मिति २०७३/११/२७ को राजपत्रमा सूचना प्रकाशन गरी घोराही उपमहानगरपालिकाका रूपमा स्थापना भएको हो । हाल १९ वडामा विभाजित यस उपमहानगरपालिकाको २०७८, सालको राष्ट्रिय जनगणनाको नतिजा अनुसार कूल जनसङ्ख्या २,०१,०७९ रहेको छ । जसमध्ये महिला जनसङ्ख्या १,०६,६९५ र पुरुष जनसङ्ख्या ९४,३८४ रहेको छ । यसरी हेर्दा महिलाको जनसङ्ख्या ५३.०६ प्रतिशत र पुरूषको जनसङ्ख्या ४६.९३ प्रतिशत रहेको देखिन्छ । हाल उपमहानगरपालिकामा कुल घर सङ्ख्या ४५,२४० र परिवार सङ्ख्या ५१,६१९ रहेको पाइएको छ ।[३] एसियाकै ठूलो दाङ उपत्यका अन्तर्गत पर्ने घोराही उपमहानगरपालिका अन्य जिल्ला र पहाडबाट बसाइँसराई गरी आउने क्रम तीव्र रहेको छ । जसका कारण जनघनत्व बढ्दै गएको छ । रोजगारीका पर्याप्त अवसर, उत्पादन क्षेत्र, व्यापारका कारण घोराही उपमहानगरपालिकामा विभिन्न उद्योगी, व्यवसायी, पेसाकर्मी र उद्यमीहरूको बसाइ रहेको छ ।

यो उपमहानगरपालिका साविक घोराही नगरपालिका, त्रिपुर नगरपालिका र रामपुर गाविस, लक्ष्मीपुर गाविस, धरना गाविस, सौडियार गाविस र सैधा गाविस गाभेर गठन गरिएको थियो । दाङ देउखुरी जिल्लाको भित्री तराईमा अवस्थित घोराही उपमहानगर सातौँ ठूलो सहर र क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो उपमहानगर सहर हो । विविध तथ्यहरूका आधारमा यस उपत्यकामा थारू जाति  आदिवासीका रूपमा ऐतिहासिक समयदेखि बस्दै आएको छ ।

**आर्थिक गतिविधिको संक्षिप्त अवस्था चित्रणः**

यस उपमहानगरपालिका दाङ, रोल्पा, प्यूठान, अर्घाखाँची साथै कर्णाली प्रदेश अन्तर्गत सल्यान र रूकुम जिल्लाको प्रमुख व्यापारिक केन्द्रको रूपमा रहँदै आएको छ । महाभारत र चुरे पहाडको काखमा रहेको यस उप महानगरपालिका एक सुन्दर र प्राकृतिक श्रोतले भरिपूर्ण प्रचुर सम्भावनायुक्त छ । यस उपमहानगर पालिकामा विभिन्न ऐतिहासिक, पर्यटकीय स्थलहरू, कृत्रिम जलाशयहरू, नदी, ताल तलैया, कलात्मक मठमन्दिर, विभिन्न लोक सांस्कृतिक  नाच,  भाषा, रहनसहन, सामाजिक विविधता रहेका छन् । हालैका केही वर्षयता घोराही उपमहानगरपालिका सडक, बिजुली, ढल निकास, पिउने पानी, टेलिफोन जस्ता भौतिक पूर्वाधारसहित औद्योगिक, व्यापारिक एवम् शैक्षिक केन्द्र बन्दै गर्दा जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याएको अनुभूति गरिएको छ ।

---


२ स्रोत....

३ नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग (२०७८) राष्ट्रिय जनगणना २०७८, प्रारम्भिक नतिजा

कृषि, उद्योग, व्यवसायमा कम लगानी हुँदा आयात बढी र निर्यात कमजोर देखिन्छ । यस उपमहानगरपालिकाको विद्यमान उत्पादनले यहाँको जनसङ्ख्यालाई पूर्ण रूपमा धान्न सकेको छैन । यस उपमहानगरपालिका क्षेत्रको कृषि उपजको सम्भाव्यता उच्च रहे पनि परम्परागत खेती प्रणाली नै प्रचलनमा रहेको र कृषि क्षेत्रमा यान्त्रिकीकरण र प्रशोधनमार्फत व्यावसायिकीकरण गर्न पूर्ण रूपमा नसकिएका कारण नगरबासीको परनिर्भरता बढ्दो छ । साथै कृषि र पशुपालन क्षेत्रको उत्पादकत्व निकै कम छ । स्थानीय स्वरोजगार, उद्यमशीलता विकास, आर्थिक विकासमा नागरिक सहभागिता र लगानीमैत्री वातावरण हुँदाहुँदै पनि मिहिनेत गर्ने संस्कार कम हुँदा स्थानीय पुँजी, सीप, स्रोत साधनको अधिकतम परिचालन हुन सकेको छैन । आर्थिक विकासका प्रचुर सम्भावना र अवसर हुँदाहुँदै पनि स्थानीय युवा, बेरोजगार नागरिकहरू आर्थिक जोहो गर्नका लागि  वैदेशिक रोजगारीमा जान बाध्य भएको देखिन्छ । फलस्वरूप यसले नागरिकको सामाजिक जीवन पद्धतिमा असन्तुलन  असन्तुष्टि ल्याएको देखिन्छ ।


### भू-उपयोगको अवस्था

यस उपमहानगरपालिकाको जमिनको कृषि क्षेत्रले ३८.८८ प्रतिशत, वन क्षेत्रले ३६.९४ प्रतिशत, झाडी तथा बुट्यानले १५.४३ प्रतिशत, संरचनाहरूले ३.७५ प्रतिशत, नदीले ०.३१ प्रतिशत, नदीकटान क्षेत्रले २.७७ प्रतिशत, घाँसे मैदानले ०.०१७ प्रतिशत, घाँसले १.६६ प्रतिशत र अर्चार्डले ०.१३ प्रतिशत हिस्सा ओगटेको छ । हालसम्म घोराही उपमहानगरपालिकाले जमिनलाई यसको प्रयोगको आधारमा जस्तै : आवासीय, औद्योगिक, व्यावसायिक, संस्थागत आदि क्षेत्रमा वर्गीकरण गरी छुट्याइएको छैन ।[४]




---

[४] डिजिकन इन्जिनियरिङ कन्सल्ट र रिजिलियन्स कन्स्ट्रक्सन एन्ड डेभलपमेन्ट (जे.भी.), घोराही उपमहानगरपालिकाको एकीकृत सहरी विकास योजना अन्तिम प्रतिवेदन, २०७७




## वनजङ्गल र पर्यावरण

घोराही उपमहानगरपालिकामा तीन प्रकारका वनहरू छन् । जस्तै : प्राकृतिक वन, सामुदायिक वन र धार्मिक वन । प्राकृतिक जङ्गल र वनस्पतिअन्तर्गत मुख्यतया साल, खयर, सिसौ आदि पर्दछन् । यस पालिकामा १४३ सामुदायिक वनहरू छन् र तिनीहरूले लगभग १९६४६.५३ हेक्टर क्षेत्रफल ओगटेका छन् । यी वनहरू जस्तैः लेखडाँडा, गेरूखोला, पालु, अम्बिकेशरी, सिद्धबाबा, खजुर, शिवापुर हिमाल, श्रीचौर, सुनाली थान, शान्ति, जनज्योति आदि उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ र कुल परिवारहरूमध्ये करिब २६,५६७ घरपरिवार यी सामुदायिक वनबाट लाभान्वित छन् । तापनि, यी जङ्गलहरूमा अतिक्रमण, चोरी, बस्तुभाउ चराउने, आगलागी आदि जस्ता समस्या छन् । घोराही उपमहानगरपालिकामा घिमिरे कुलयान जङ्गल, पाण्डवेश्वर महादेव वन र बराह क्षेत्र जङ्गलमा धार्मिक वनहरू छन् ।

## सडक पूर्वाधार

आर्थिक विकासका लागि सडक सबैभन्दा महत्त्वपूर्ण पूर्वाधारहरूमध्ये एक हो । यो उपमहानगरपालिका राजमार्गहरूद्वारा वरपरको क्षेत्रसँग राम्रोसँग जोडिएको छ भने सडक सञ्जालका माध्यमले सीमावर्ती जिल्लाहरू पनि जोडिएका छन् । जसले गर्दा मानिसहरूको आवतजावत र स्थानीय कृषि उत्पादनहरू बजारमा पुर्‍याउन सजिलो भएको छ । आन्तरिक सडकहरूले उपमहानगरपालिकाका धेरैजसो बस्तीहरूलाई जोडेको छ ।

यस उपमहानगरपालिकामा विभिन्न प्रकारका सडकहरू जस्तै : कालोपत्रे, ग्राभेल र कच्ची छन् । यस पालिकामा ११७.०३१ किलोमिटर सडक कालोपत्रे, ९२५.१७९ किलोमिटर सडक ग्राभेल, १६८.०४३ किलोमिटर सडक कच्ची र १.१२९ किलोमिटर सडक आरसीसी ढलान गरिएको छ । कुल विद्यमान सडक लम्बाइ १२११.३८२ किलोमिटर छ । सडक दुर्घटनाहरू वडा नं ८ देखि १८ सम्म उच्च र वडा १९ मा कम छन् । अबको कार्यदिशा भनेको यी सडकहरूबाट विविध कार्यक्रमहरूमार्फत अधिकतम आर्थिक लाभ लिने हुनुपर्दछ । (ibid) त्यसै गरी प्रस्तावित विमानस्थलको सञ्चालनले पनि भविष्यमा आर्थिक विकासका लागि एक नयाँ आयाम थप्नेछ ।

**शैक्षिक एवम् स्वास्थ्य क्षेत्र**

घोराही आर्थिकका साथै देशको मध्यपश्चिमी भागको शैक्षिक 'हब' हो । घोराही महेन्द्र बहुमुखी कलेज र नेपालको एक मात्र संस्कृत विश्वविद्यालय पनि यही क्षेत्रको बेलझुन्डीमा पर्दछ । राप्ती स्वास्थ्य विज्ञान एकेडेमी पनि स्थापना भई सञ्चालनको क्रममा रहेको छ । यसबाहेक दाङ भ्याली कलेज, गोरखा कलेज, दीपज्योति नर्सिङ क्याम्पस, दीपशिखा कलेज, गोरखा अन्तर्राष्ट्रिय उच्च माध्यमिक बोर्डिङ स्कूल र जनज्योति विद्या मन्दिर अन्य प्रमुख संस्थाहरू हुन् जसले दाङ जिल्ला लगायत अन्य छिमेकी जिल्लाका विद्यार्थीहरूलाई सेवा प्रदान गरिरहेका छन् । प्रदेश स्तरको इन्जिनियरिङ कलेज स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ भने राप्ती स्वास्थ्य विज्ञान एकेडेमीलाई स्तरोन्नति गरी एम.बी.बी.एस.को पढाइ सुरु गर्ने योजना रहेको छ । (ibid)

समग्रमा, सङ्घीय शासनप्रणालीको अभ्यासमा स्थानीय सरकार सञ्चालनको पाँच वर्ष पूरा भई अर्को जननिर्वाचित स्थानीय सरकार आइसकेको छ । जनताका अधिकार, सेवा, सुविधा, न्याय र समृद्ध नगर बनाउने उद्घोषका साथ लिएको जिम्मेवारी हामीले कुशलतापूर्वक पूरा गरेका छौं भन्ने लाग्छ । स्थानीय सरकार सञ्चालनको जिम्मेवारी लिएसँगै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच तथा योजनाका साथ घोराही उपमहानगरको चौतर्फी विकासमा ध्यान पुगेको छ ।

विगत पाँच वर्षको अवधिमा विशेष गरी आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, स्वास्थ्य, वातावरणीय, शैक्षिक सुधार लगायत क्षेत्र उल्लेख्य काम भएको छ । पाँच वर्षको अवधिमा सबै बस्तीलाई जोड्ने सडक सञ्जाल, सहरदेखि गाउँ जोड्ने सडकहरू कालोपत्रे, विद्यालयमा शैक्षिक सुधार गर्न दरबन्दी मिलान, प्रधानाध्यापक व्यवस्थापन, बालमैत्री नगर घोषणा, सडकमानवमुक्त नगर, सबै वडामा आधारभूत स्वास्थ्य सेवा, ज्येष्ठ नागरिकको घरमै उपचार, सिकलसेल र सुत्केरीलाई निःशुल्क रगत, मोतियाविन्दुको निःशुल्क शल्यक्रिया, ज्येष्ठ नागरिक दिवासेवा केन्द्र स्थापना भएका छन् । यस अवधिमा ८३ वटा कानुन निर्माण गरी जनतालाई दिने सेवा सुविधालाई व्यवस्थित गर्दै सुशासन कायम गर्न प्रयत्न भएको छ । ४३ वटा कृत्रिम जलाशय निर्माण, किसानहरूलाई बिउ तथा कृषि उपकरण अनुदानमा वितरण, गल्ने फोहोरबाट ग्यास उत्पादन थालेका छौँ भने नगल्ने फोहोर खरिद गर्दै आएका छौँ ।

यस पृष्ठभूमिमा, उपमहानगरपालिका र जी.आई.जेड.द्वारा सञ्चालित **'स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजना'**को संयुक्त पहल र प्रयासस्वरूप यस पालिकालाई आर्थिक विकासको नीति, योजना र कार्यक्रम तयार गर्ने क्रममा दिशानिर्देश गर्ने मूल उद्देश्यका साथ २० वर्षे आर्थिक विकास रणनीति तयार गर्ने काम भएको छ ।

## २.१ पृष्ठभूमि र उद्देश्यहरू

**'समृद्ध घोराही, सुखी नागरिक'**को उपलब्धिका लागि समावेशी र दिगो स्थानीय आर्थिक विकासका लागि दिशानिर्देश (Directional Input) सहितका आधारहरू उपलब्ध गराउने रणनीतिको समग्र उद्देश्य रहेको छ । यस अतिरिक्त यस रणनीतिको निम्न विशिष्ट उद्देश्यहरू रहेका छन् :

- उपमहानगरपालिकाको आवधिक एवम् वार्षिक कार्यक्रमहरूको योजना तर्जुमामा स्थानीय आर्थिक विकास र कार्यान्वयनमा स्पष्ट दिशानिर्देश गर्ने ।
- पहिचान गरिएका प्रमुख आर्थिक क्षेत्रहरूमार्फत नयाँ अवसरहरू सिर्जना एवम् विस्तार गरी रोजगारी प्रवर्द्धन र गरिबी निवारण गर्ने ।
- आर्थिक विकासका लागि स्थानीय स्तरमा आवश्यक सेवा प्रवाहको सक्षमता, सबलता र क्षमता अभिवृद्धि गर्ने ।
- समय अनुकूल समायोजन हुन सक्ने अर्थात् लचकदार (Resilient) स्थानीय अर्थतन्त्रको निर्माण गर्ने ।
- आर्थिक विकासमा सार्वजनिक, निजी एवम् सहकारी क्षेत्रको लगानीका लागि सक्षम र अनुकूल सहयोगी वातावरण सिर्जना गर्ने ।
- बाह्य आयातलाई न्यूनीकरण गरी निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानीय स्रोतको दिगो व्यस्थापन गर्दै सोको अधिकतम उपयोग गर्ने र आन्तरिक राजस्व वृद्धि गर्ने ।

## २.२ विकास सिद्धान्त र तयारी विधि

विश्वव्यापी रूपमा आर्थिक विकासका सन्दर्भमा अनगन्ती सिद्धान्त र नीतिहरूको बहस, व्याख्या र प्रयोग भइरहेको छ । त्यसैगरी नेपालको आर्थिक विकासका लागि नेपालको संविधान, आवधिक योजना क्षेत्र एवम् विषयगत रणनीतिक कार्ययोजनाहरूले विकास सिद्धान्तहरूलाई दिशानिर्देश गरेका छन् । तसर्थ, यस रणनीतिक दस्तावेजले पनि उपमहानगरपालिकाको स्थानीय आर्थिक विकासका सन्दर्भमा निम्न सिद्धान्तहरूलाई आधार मानेको छ ।

- स्थानीय प्रतिस्पर्धात्मक लाभका आधारमा आर्थिक वृद्धि एवम् रूपान्तरण ।
- निजी लगानीलाई प्रोत्साहित गर्ने र सक्षम व्यावसायिक वातावरण सिर्जना ।
- गुणात्मक आर्थिक वृद्धिका लागि परिपूरक संयन्त्रहरूको विकास र प्रयोजन एकीकृत गर्ने । उदाहरणका लागि लगानीमैत्री पूर्वाधारहरू ।
- पहिचान गरिएका क्षेत्रहरूको उत्पादकत्व वृद्धि ।

- दिगो वातावरणीय व्यवस्थापन र स्थानीय स्रोतहरूको उच्चतम उपयोग ।
- स्थानीय आवश्यकता, आकाङ्क्षा र उद्यमशीलतामा आधारित ।
- सुशासन, सहकार्य र समन्वय ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र आर्थिक लाभहरूको न्यायपूर्ण वितरण ।

त्यसैगरी आर्थिक विकास रणनीतिलाई कार्य रूपमा लागु गर्ने सन्दर्भमा निम्न कार्य सिद्धान्तहरुको अवधारणालाई आधार मानिएको छ ।

- सही लक्ष्यहरू निर्धारण गर्ने जुन बलियो, साझा, स्थायी र मजबुत व्यावसायिक इकोसिस्टम निर्माण गर्न सफल हुन सक्नेछन् ।
- स्थानीय स्तरमा आफैँभित्रबाट बढ्ने स्थापित र उदीयमान व्यवसायहरू र उद्योगहरूलाई प्राथमिकता दिँदै प्रतिस्पर्धी फर्महरूलाई सहयोग एवम् टेवा दिनका लागि नवप्रवर्तन, प्रतिभा, पूर्वाधारमा लगानी सुनिश्चितता गर्ने ।
- सुशासनको सर्वाङ्गीण पक्षमा नियमित पुनरावलोकन र सुधार गरी लगानी मैत्री वातावरणको स्थापना एवम् साना व्यवसायहरूलाई सुरु गर्न र बढ्न सक्षम बनाउने ।
- व्यवसाय प्रवर्द्धन - व्यापार, लगानीमा सहजीकरण र औद्योगिकीकरणलाई गहिरो बनाउने ।
- मानव संसाधन, सीप विकास र उत्पादन क्षमता बढाउने कार्यमा लगानी गर्ने ।
- सञ्चार र साझेदारीका माध्यमद्वारा व्यवसाय र आम मानिसहरूलाई जोड्ने ।

यो रणनीति तयार गर्दा मार्गदर्शक आधारहरू निम्न अनुसार रहेका छन् :


- नेपालको संविधान, २०७२
- पन्ध्रौं राष्ट्रिय आवधिक योजना
- लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजना
- प्रदेश सरकारका नीति तथा कार्यक्रम
- उपमहानगरपालिकाका वार्षिक नीति तथा कार्यक्रम
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोग

माथि उल्लिखित मार्गदर्शक आधारहरूभित्र रही यस रणनीति तयारीमा स्थानीय तथा क्षेत्रीय आर्थिक विकासको अवधारणालाई अवलम्बन गरिएको छ ।

## तयारी विधि

उपमहानगरपालिकाको योजनाबद्ध आर्थिक विकासमा अगाडि बढ्ने उद्देश्यले तयार पारिएको यस आर्थिक विकास रणनीति तर्जुमा गर्दा पूर्णतया सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको छ । समग्र रणनीति तयार गर्ने क्रममा निम्न प्रक्रिया र क्रियाकलापहरू अवलम्बन गरिएको छ । तयारी विधिको चरणहरूको विस्तार तल चित्रमा दिइएको छ भने प्रत्येक चरण एवम् क्रियाकलापहरूको व्याख्या सोहि मुताविक यस पछिका परिच्छेदहरूमा गरिएको छ ।

## आर्थिक रणनीति विकासको दृष्टिकोण




### १. रणनीति तर्जुमा पूर्व तयारी बैठक एवम् समझदारी पत्रमा सम्झौता :

यस सन्दर्भमा GIZ को स्थानीय एवम् प्रादेशिक आर्थिक विकास परियोजना र घोराही उपमहानगरपालिकाका अधिकारीहरूबीच विभिन्न समयमा छलफल गरी आर्थिक विकास रणनीति तयारी गर्ने सन्दर्भमा सहमति भयो र सो कार्यलाई अगाडि बढाउने सन्दर्भमा समझदारीपत्रमा हस्ताक्षर भई रणनीति तयार गर्ने कार्य अगाडि बढ्यो ।

### २. स्थानीय तहमा मस्यौदा तयारी कार्यदलको गठन :

यस सन्दर्भमा उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, आर्थिक विकास समितिका संयोजक लगायत पालिकाका अन्य अधिकारीहरूको उपस्थितिमा, उपमहानगरपालिकाको

प्रमुखज्यूबाट ६ सदस्यीय कार्यदल गठन गर्ने काम भयो । (कार्यदलका सदस्यहरूको नाम अनुसूची २ मा दिइएको छ ।) जस अनुसार कार्यदलको सदस्यहरू निम्नानुसार रहनुभएको छ :

- श्री खोपीराम चौधरी – वडाध्यक्ष एवम् आर्थिक विकास समिति संयोजक
- श्री होमलाल भुसाल – अधिकृत, उपमहानगरपालिका (हाल निवर्तमान)
- श्री प्रेम के.सी. – अधिकृत, उपमहानगरपालिका (सावर्जनिक, निजी, सहकारी संवाद कार्यशाला गोष्ठीपछि)
- श्री ईश्वरराज पाण्डे – अधिकृत, उपमहानगरपालिका
- श्री रामप्रसाद पोखरेल – उपाध्यक्ष, उद्योग वाणिज्य सङ्घ
- श्री गोविन्दप्रसाद शर्मा – अध्यक्ष, जिल्ला सहकारी सङ्घ
- श्री अरूणकुमार शर्मा – सल्लाहकार, उपमहानगरपालिका

यसरी गठित कार्यदलसँग परियोजनाका वरिष्ठ अधिकारी एवम् परामर्शदाताहरूले रणनीति तयारी सम्बन्धमा निरन्तर छलफल र अन्तर्क्रिया जारी राख्ने काम भएको थियो ।

### ३. सान्दर्भिक योजना एवम् दस्तावेजहरूको समीक्षा कार्यशाला गोष्ठी (डेस्क समीक्षा)

यस सन्दर्भमा रणनीति मस्यौदा तयारी गर्नका लागि आवश्यक पर्ने विविध सन्दर्भ सामग्रीहरूको अध्ययन र समीक्षा गर्नका लागि तीनदिने कार्यशाला गोष्ठीको योजना गरियो । उक्त गोष्ठीमा निम्न चारवटा मूल विषयहरूमा केन्द्रित रही घोराही उपमहानगरपालिकाको आर्थिक विकास रणनीति तयारीका लागि सान्दर्भिक तथ्य एवम् वस्तुस्थितिको विवेचना गरियो ।

- पालिका, प्रदेश एवम् सङ्घको नीति, योजना एवम् वार्षिक कार्यक्रमहरूको समीक्षा ।
- सर्वेक्षण एवम् अध्ययन अनुसन्धान प्रतिवेदनहरू जस्तै : व्यावसायिक वातावरण सर्वेक्षण, कोभिड-१९ सर्वेक्षण र अन्य तथ्याङ्कहरू ।
- सान्दर्भिक PACA अध्ययन प्रतिवेदन र मूल्य शृङ्खला विश्लेषण प्रतिवेदनहरू ।
- विकास साझेदार एवम् अन्य निकायबाट तयार गरिएका विविध अध्ययन प्रतिवेदनहरू ।

### ४. प्रारम्भिक एवम् परिदृश्य लेखन कार्यशाला गोष्ठी

यस सन्दर्भमा माथि उल्लिखित डेस्क समीक्षाबाट प्राप्त निष्कर्ष र घोराही उपमहानगरपालिकाको परिदृश्य लेखनकार्य दुईदिने गोष्ठीको आयोजन गरी सम्पन्न गरियो । यी दुवै कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, सदस्यहरू, उद्योग वाणिज्य सङ्घ, अन्य निजी क्षेत्र, सहकारी, बैङ्क एवम् वित्तीय संस्था, विश्वविद्यालयका प्राध्यापक, महिला, पत्रकार, किसान र नागरिक समाजका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता थियो । परिदृश्य लेखन कार्यशाला गोष्ठीमा सहभागीहरूलाई चार समूहमा विभाजन गरी नगरपालिकाको भविष्य-उन्मुख चारवटा सम्भावित परिदृश्यहरूको बारेमा विवेचना गरियो ।

### ५. व्यावसायिक वातावरण सर्वेक्षण प्रस्तुति कार्यशाला

उक्त कार्यशाला गोष्ठीमा व्यावसायिक वातावरण सर्वेक्षण २०२१/२०२२ को निष्कर्षहरू प्रस्तुत गरी भावी रणनीतिहरू के कस्तो हुनुपर्दछ भन्ने बारेमा विवेचना भयो । उक्त गोष्ठीका मूलभूत उद्देश्यहरू निम्न अनुसार रहेका थिए :

- व्यावसायिक वातावरण सर्वेक्षणका २०२१/२०२२ का मुख्य नतिजाहरूको जानकारी प्रस्तुत र छलफल गर्ने ।
- आर्थिक सुशासन र व्यावसायिक वातावरण सुधार गर्नका लागि आवश्यक सुझाव तथा सिफारिसहरू प्रदान गर्ने ।
- थप सुझाव एवम् विचारहरू सङ्कलन गर्ने ।

उक्त गोष्ठीमा उपमहानगर प्रमुख, उपप्रमुख लगायत माथि उल्लेख गरिएका सबै सरोकारवालाको उपस्थिति रहेको थियो । (सहभागीहरूको सूची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।)

### ६. सार्वजनिक-निजी-सहकारी संवाद

यस सन्दर्भमा माथि उल्लेख गरिएका सहभागीहरूको उपस्थितिमा उपमहानगरपालिकाको भविष्यको दूरदृष्टि, प्राथमिकता प्राप्त क्षेत्रहरू, प्रवृत्तिगत अवस्था र वान्छनीय परिदृश्यका बारेमा निष्कर्ष निकालियो । यसका साथै प्यानल छलफलमार्फत प्राप्त निष्कर्षहरूमा सरकारी, निजी, सहकारी एवम् आम नागरिक समाजको अवधारणा बुझ्ने र सो अनुसार उपमहानगरपालिकाको भविष्योन्मुख दृष्टिकोण थप परिमार्जन गर्ने कार्य भयो । (सहभागीहरूको सूची अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।)

### ७. रणनीति मस्यौदा लेखन

माथि उल्लिखित चरणहरू सम्पन्न गरिसकेपछि LPED परियोजनासँग सम्बद्ध कर्मचारी, परामर्शदाता र नगरपालिकाद्वारा गठित कार्यदलको सहभागितामा तीनदिने रणनीति मस्यौदा लेखन कार्य सम्पन्न भयो । यसका लागि परियोजनाबाट रणनीतिको खाका प्राप्त भएको थियो भने उक्त खाकामाथि रणनीति लेखन समूहमा विस्तृत छलफलद्वारा केही परिमार्जन गरी विषयलेखन सुरु गरिएको थियो ।

### ८. अन्तिम प्रस्तुति र प्रमाणीकरण कार्यशाला

योजनाको निर्माण र सरोकारवालाहरूको अथक सहयोगका बारेमा योजना कार्यसमूहको लामो प्रयासपछि आर्थिक विकास रणनीति एक कार्यशाला गोष्ठीमा प्रस्तुत गरिएको थियो । उक्त कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र प्रतिक्रियाहरूलाई समेत समेटी यस दस्तावेजलाई अन्तिम रूप दिने काम सम्पन्न भयो ।

# ३. उत्पादन र आर्थिक क्षेत्रका सम्भाव्य क्षेत्र र प्राथमिकताहरू

## ३.१ परिचय

यस उपमहानगरपालिकाको आर्थिक विकासका लागि सम्भावित र वान्छनीय क्षेत्रहरूको पहिचान गर्नका लागि विगतमा जी.आई.जेड.को स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजनाद्वारा '**प्रतिस्पर्धात्मक लाभको सहभागितात्मक मूल्याङ्कन** (PACA)' अभ्यास र अन्य मूल्य शृङ्खला विश्लेषणका आधारमा विभिन्न उत्पादन र सेवा आदि क्षेत्रहरूको पहिचान गरिएको छ । उक्त अभ्यासका अतिरिक्त यो रणनीति तयार गर्ने क्रममा समेत आर्थिक विकासका थप प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएका छन् । जसलाई विस्तृत रूपमा तल प्रस्तुत गरिएको छ ।

घोराही उपमहानगरपालिकाले 'व्यावसायिकीकरण र औद्योगिकीकरणबाट समृद्ध सहर'को परिकल्पना गरेको छ । यस उपमहानगरपालिकालाई पहिले नै 'स्मार्ट सिटी'[५]को रूपमा घोषणा गरिएको छ ।

यस उपमहानगरपालिकाको ५ वर्षे समीक्षा प्रतिवेदनमा 'घोराही नगरपालिकाको योजनाबद्ध र सन्तुलित विकासका लागि कृषिमा औद्योगिकीकरण, पशुपक्षी विकास, उद्योग व्यवसाय प्रवर्द्धन तथा सहकारिताको विकासमार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको प्रभावकारी कार्यान्वयनद्वारा उपमहानगरपालिकाको आर्थिक विकास गर्न सकिन्छ' भनेर उल्लेख गरिएको छ । (घो.उ.म.न., २०७९)

आर्थिक विकासका लागि पहिचान गरिएका क्षेत्रहरूमध्ये कृषि क्षेत्रअन्तर्गत तरकारी खेती, कुखुरा, तोरी, मह र दुग्धजन्य उत्पादन घोराहीको प्रमुख प्राथमिकतामा रहेको छ । कृषि तथ्याङ्कका अनुसार दाङ उपत्यका कुखुरापालनमा आत्मनिर्भर र चितवनपछि दोस्रो ठूलो उत्पादक जिल्ला हो । कैलालीपछिको तोरीको उत्पादनमा दाङ दोस्रो ठूलो जिल्ला हो । घोराहीको राजनीतिक नेतृत्वले कृषिमा आधारित उद्योग र पशुपालनलाई नगरपालिकाको प्रमुख सम्भाव्यताको रूपमा हेरेको छ (GIZ, 2019) । यसबाहेक यहाँ दाल, मसला, अदुवा, फलफूल, पुष्प, औषधीय र सुगन्धित बिरूवा, मत्स्यपालन र कृषि वन आदिको सम्भाव्यता छ । मनोरञ्जन पर्यटन यस पालिकाको अर्को व्यावसायिक कटिङ उपक्षेत्र हो जसमा होमस्टे, सामुदायिक लजहरू र विभिन्न स्थानीय खानाका व्यवसायहरू समावेश छन् । विशेषगरी कृषिको विकासमा केन्द्रित हुँदा सहकारीको भूमिका महत्त्वपूर्ण हुन्छ । सहकारीमार्फत स्थानीय समुदायमा कृषिको प्रवर्द्धन गर्न उपमहानगरपालिकाले नमुना सहकारी गाउँ बनाउने योजना पनि बनाएको छ ।

यस उपमहानगरपालिकाले कालोपत्र सडक, लिङ्क रोड, सहरी हरियाली, सिँचाइ, सामुदायिक सुविधा केन्द्र, वधशाला निर्माण लगायतका पूर्वाधार विकासको योजना बनाएको छ । त्यसै गरी एक वडा : एक खेल

---

[५] घोराही उपमहानगरपालिकको प्रतिवेदन २०१८

मैदान, एक वडा : एक उत्पादन, एक प्राविधिक विद्यालय, एक व्यक्ति : एक बिरूवा, आदि जस्ता नमुना कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । यसका साथै उपमहानगरपालिकाले बालिका शिक्षालाई कार्यक्रमका रूपमा केन्द्रित गर्ने योजना बनाएको छ । साथै, उपमहानगरनगरपालिकाले ग्रामीण अर्थतन्त्रलाई वृद्धि गर्न कृषि पर्यटन कार्यक्रमको एक भागको रूपमा होमस्टेहरू विकास गर्ने योजना बनाएको छ । घोराहीदेखि प्यूठानसम्मको हरित क्षेत्र र वातावरण संरक्षण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ । ल्यान्डस्केप बगैँचा र सार्वजनिक उद्यान सिर्जना गरी जैविक विविधता संरक्षण गर्नु पनि सहरको महत्त्वपूर्ण कार्य मानिएको छ ।

## ३.२ पहिचान गरिएका प्रमुख क्षेत्रहरू

### पहिचान गरिएको प्रमुख क्षेत्र नं १ – कृषि र तरकारी खेती

घोराहीको तरकारी खेती उपक्षेत्रभित्र निम्न प्रतिस्पर्धात्मक फाइदाहरू पहिचान गरिएको छ :

- विभिन्न कृषि गतिविधिहरूका लागि अनुकूल मौसम ।
- कृषि र पर्यटनका लागि सान्दर्भिक विविध भौगोलिक अवस्थाहरू ।
- पूर्व–पश्चिम राजमार्ग र भारतीय सिमानाको निकटताबाट बजारमा सहज पहुँच ।
- अद्वितीय र समृद्ध स्थानीय संस्कृति जुन विभिन्न जातीय सांस्कृतिक क्लबहरूद्वारा व्यवस्थित र संरक्षित छ ।
- कृषि, पर्यटन परियोजनाहरू र अन्य पहलका लागि जग्गाको प्रशस्त उपलब्धता ।

घोराहीमा ५१.२ प्रतिशत जनता कृषि पेसामा संलग्न छन् । यस पालिकाको मुख्य आधार कृषि हो । तदनुसार, पालिकाले एक वडा : एक कृषि कार्यक्रम (OWOP) लाई बढावा दिइरहेको छ । १६.१८ प्रतिशत बासिन्दाहरूसँग जग्गा छैन । उनीहरू भाडाको जग्गामा खेती गर्दछन् ।[६] यस अलावा, यस पालिकामा ५,०८२ भूमिहीन दलित र भूमिहीन सुकुम्बासी र ११,०६८ अव्यवस्थित बसोबासी रहेको तथ्य पाइएको ।[७] तसर्थ सहरी जनसङ्ख्याको यो हिस्सालाई पनि औचित्यपूर्ण आर्थिक गतिविधिमा लगाउनु यो रणनीतिको उद्देश्य हुनुपर्दछ । तरकारी खेती यस नगरपालिकाको नम्बर एक कृषि गतिविधि हो । गोभी, बन्दागोभी, ब्रोकाउली, आलु र टमाटर नगरपालिकामा उत्पादन हुने मुख्य तरकारी हुन् । गरिब तथा महिलाको मुख्य आम्दानीको स्रोत तरकारी खेती र बेचबिखन नै हो । वि.सं. २०७५ मा १,९८१ हेक्टर जमिनमा २७,०१९ टन तरकारी उत्पादन भएको थियो ।[८]

तरकारी उत्पादनमा बढी आम्दानी हुने भएकाले तरकारी खेतीबाट रोजगारी सिर्जना हुन्छ । तरकारी उपक्षेत्रको बजारमा सहज पहुँच छ । आलु, लसुन, प्याजजस्ता केही तरकारी उत्पादनहरू भण्डारणयोग्य छन् । सामान्यतया, तरकारी खेती गर्न कम शुरूवाती पुँजी चाहिन्छ । स्थानीय तहमा कृषि औजार तथा प्रविधि, मल, बिउ, चिसो पसल र उत्पादन कारखानाको उपलब्धताका कारण तरकारीको निर्यात सम्भावना र तुलनात्मक लाभ छ । तथापि घोराहीमा तरकारी उत्पादन बढाउने सन्दर्भमा केही चुनौतीहरू छन् । जस्तै : उत्पादन लागत महँगो, प्राङ्गारिक मलको अभाव, सिँचाइको अपर्याप्तता, विषादीको अनियन्त्रित प्रयोग, मल

---

६ GSMC, 2018

७ घोराही उपमहानगरपालिका २०७९ (आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मको प्रगति प्रतिवेदन पुस्तिका)

८ जीएसएमसी, २०१८

तथा कृषि औजारको अभाव, कतिपय ग्रामीण इलाकाहरूमा अझै पनि सर्वसुलभ यातायात सुविधाको अभाव, प्राविधिकको अभाव, गुणस्तरीय बिउको अभाव र बिचौलियाको उच्च प्रभाव प्रमुख छन् ।

**प्रमुख सहयोगीहरू :**

हरेक आर्थिक गतिविधिलाई अगाडि बढाउन लागि विविध क्षेत्रको सहयोग आवश्यक पर्दछ, सोही अनुरूप तरकारी उत्पादन प्रक्रियालाई सहयोग गर्ने निम्न सङ्घ, संस्थाहरू विद्यमान रहेका छन् ।

- तरकारी खेती उपक्षेत्रका लागि एग्रोभेट्स, बिउ उत्पादक र प्रशोधनकर्ताहरू, जैविक मल/कम्पोस्ट मल उत्पादकहरू, यातायात कम्पनीहरू र सहकारीहरू मुख्य सहयोगी उद्योग एवम् व्यवसायहरू हुन् ।
- घोराही उपमहानगरपालिका, कृषि ज्ञान केन्द्र, बैङ्क तथा वित्तीय संस्था, बीमा कम्पनी, प्राविधिक तालिम संस्थान, सहकारी सङ्घ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी संस्थाहरू तरकारी उपक्षेत्रका प्रमुख सहयोगी संस्था हुन् ।

## ३.३ पहिचान गरिएको प्रमुख क्षेत्र नं २ – कुखुरापालन

कुखुरापालन कृषिभित्रको एक प्रमुख उपक्षेत्र हो । घोराही विशेष गरी मासु उत्पादनमा अग्रणी भूमिकामा रहेको छ । सन् २०१७/१८ को कृषि तथ्याङ्क अनुसार दाङ जिल्लाले मात्रै ९,१८९ मेट्रिक टन मासु र १४,४२८ हजार अण्डा उत्पादन गरेको थियो ।[१०] वि.सं. २०७५ सालमा कुखुराको कुल सङ्ख्या ३,९००,००० थियो र सोही वर्ष करिब १,६०,००० हजार अण्डा उत्पादन भएको थियो ।[११] कुखुरापालन व्यवसायबाट २०७५ (२०७५/७६) मा कुल मासु उत्पादन ७,८४,००० हजार मेट्रिक टन भएको थियो ।

कुखुरापालन व्यवसायभित्र अण्डा, स्थानीय बदिया र ब्रोइलर उत्पादन पर्दछन् । अझ थप रूपमा, कुखुराले खेतीबालीका लागि उपयोगी हुने प्राकृतिक मलको रूपमा प्रयोग हुने जैविक मल उत्पादन गर्दछ । सहकारी, पोल्ट्री फर्म, एग्रोभेट्स, दाना उद्योग, खुद्रा बिक्रेता, ह्याचरी, भेटेरिनरी अस्पताल, पशुपन्छी फर्म, कोल्ड स्टोर, आदि पोल्ट्री उपक्षेत्रका सहयोगी उद्योग एवम् व्यवसायहरू हुन् ।

PACA अध्ययनका अनुसार कुखुरापालन उपक्षेत्र घोराहीको दोस्रो नाफा मूलक व्यवसाय हो । कम उत्पादन अवधि, उत्पादनमा सहयोगी हुने आवश्यक पदार्थहरूको नियमित आपूर्ति, वर्षभरि उत्पादन गर्ने क्षमता, आम्दानी र रोजगारी सिर्जना गर्ने सम्भावना, छिट्टै प्रतिफल, बजार पहुँचको सहजताले गर्दा घोराहीमा विगत १५ वर्षदेखि कुखुरापालन उद्योग फस्टाएको छ । तर, गुणस्तरीय सामग्री (चल्ला, औषधि र दाना) को सीमित उपलब्धता, उच्च प्रारम्भिक लागत, प्राविधिक ज्ञानको कमी, रोग व्यवस्थापनको कमी र बिचौलियाको उच्च प्रभावले नगरपालिकामा कुखुरापालन व्यवसायमा बाधा पुऱ्याइरहेका छन् ।

---

१०. MoALD, (2018)

११. GSMC, (2018)

### मागको अवस्था

घोराहीमा पोल्ट्री व्यवसायको बजार माग निरन्तर उच्च छ । बढ्दो होटल र रेस्टुरेन्टहरू र बजार सञ्जालहरूमार्फत बजारको आकार र मात्रा दिनहुँ बढ्दै गएको छ। तर, मूल्य अस्थिरता, प्रभावशाली बिचौलिया, गुणस्तर जाँचका लागि प्रयोगशालाको अभाव, चिसो र बरफीकृत मासु प्रयोग गर्ने र पोषणप्रति जनचेतनाको अभावका कारण पोल्ट्री व्यवसायको लाभ अझै पनि सम्भावनाको तुलनामा सीमित छ । तथापि हालका वर्षहरूमा बिविध रूपका प्रशोधित कुखुराको मासुको पनि माग बढ्दै गइरहेको छ ।

### सहयोगी संस्थाहरू

कुखुरापालन उपक्षेत्रमा बैङ्क, सहकारी, बीमा कम्पनी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, सङ्घसंस्था र सरकारी कार्यालयले सहयोग गरिरहेका छन् । यी संस्थाहरूले कुखुरा व्यवसायलाई बजारीकरण, प्राविधिक सरसल्लाह, कर्जा, बिजुली तथा खानेपानी आपूर्ति, सडक पूर्वाधार सञ्जाल निर्माणमा सहयोग पुऱ्याउँदै आइरहेका छन् । तथापि बैङ्क एवम् वित्तीय संस्थाहरूद्वारा कर्जा प्रवाह गर्ने लामो प्रक्रिया, अनियमित विद्यूत आपूर्ति, सहयोगी संस्थाहरूबीच समन्वयको अभाव र उपयुक्त फोहर मैला व्यवस्थापनको अभाव प्रमुख समस्या एवम् चुनौतीका रूपमा रहेका छन् ।

## ३.४ पहिचान गरिएको प्रमुख क्षेत्र नं ४ – मौरीपालन

मौरीपालन दाङ उपत्यकाभित्र पनि विशेष गरी घोराही उपमहानगरपालिकाको प्रमुख उपक्षेत्र हो । एपिस मेलिफेरा दाङ जिल्लामा पाइने मौरीको प्रजाति हो । नेपाल मौरीपालन महासङ्घ दाङका अनुसार अघिल्लो वर्षको तुलनामा सन् २०१९ मा एक सय टन मह उत्पादन बढेको छ । महासङ्घले दिएको जानकारी अनुसार यस जिल्लामा सन् २०१९ मा ३२० टन मह उत्पादन भएको ६५० कृषक मौरीपालनमा संलग्न छन् ।

महको कुल उत्पादनमध्ये जिल्लाले २० प्रतिशत मात्रै उपभोग गर्छ । दाङमा उत्पादित मह काठमाडौँ, पोखरा, इटहरी, बुटवल, स्याङ्जा, पाल्पा र नेपालगन्जमा निकासी गरिन्छ (द हिमालयन टाइम्स, २०१७) ।[१२] मौरीपालनको उत्पादनको रूपमा, मह, मौरी, मोम र परागकण फाइदाजनक उत्पादनहरू हुन् । यहाँ सुपथ मूल्यमा ताजा र गुणस्तरीय अर्गानिक मह उत्पादन हुने गर्दछ । मौरीपालनका लागि तुलनात्मक रूपमा कम लगानी र कम मानव संसाधन भए पनि पुग्छ । तर, चरनको घट्दो क्षेत्र, लगानीको अभाव, प्राविधिक जानकारीको अभाव, चरनमा विषादीको प्रयोग, बिचौलियाको उच्च प्रभाव, रानीको गुणस्तरको अभाव र उत्पादकहरूबीच समन्वय नहुनु व्यवसायका केही चुनौतीहरू हुन् । मौरीपालनमा कृषक, सहकारी, व्यापारी र ठूला उत्पादकहरू सहयोगी उद्योग अन्तर्गत पर्दछन् ।

---

[१२] Honey production increases in Dang. Published in 19 December 2017. https://thehimalayantimes.com/nepal/honey-production-increases-in-dang

**सहयोगी संस्था/स्थान कारकहरू**

माहुरीपालन व्यवसायलाई घोराही उपमहानगरपालिका, कृषि ज्ञान केन्द्र, बैङ्क तथा वित्तीय संस्था, नेपाल मौरीपालन महासङ्घ, बीमा कम्पनी, तालिम संस्था, सहकारी सङ्घ, अन्य सम्बन्धित सङ्घसंस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोग रहेको छ । यी सहयोगी संस्थाहरूले तालिम, मार्गदर्शन मौरीको वितरण, किसानहरूलाई प्रोत्साहन र अनुदान प्रदान गर्दै आएका छन् । तर, उच्च प्राविधिक प्रावधानको अभाव, अनुदान वितरणको कम प्रभाव, अनुगमनको अभाव, नीति तथा कार्यक्रमहरूको कमजोर कार्यान्वयन, गुणस्तर परीक्षणको अभाव र स्रोत केन्द्रको अभाव प्रमुख बाधाहरू हुन् ।

**मागको अवस्था**

दाङको मह एक प्रकारले स्थापित नाम भइसकेको छ र यसको माग देशका ठूला सहरमा निर्यात पनि भइरहेको छ भने बढ्दो घरायसी एवम् व्यावसायिक प्रयोजनमा महको बढ्दो बजार मागको सकारात्मक असर यहाँका मौरीपालक किसानहरूमा परेको विषय विविध छलफलहरूमा उठेको छ । एक अध्ययनका अनुसार दाङ जिल्लामा मौरीका करिब दुई प्रजातिका १२,७०० घारहरूले मह उत्पादन गरिरहेका छन् भने थप पालनका लागि किसानहरूमा अझै उत्साह बढेको जनाइएको छ ।[१३]

## ३.५ पहिचान गरिएको प्रमुख क्षेत्र नं ५ – पर्यटन

पर्यटन एक उदीयमान व्यवसायको रूपमा एक प्राथमिकतामा परेको प्रमुख उपक्षेत्र हो । नेपाल सरकारको पर्यटन नीति, २००८ ले पर्यटनका लागि अन्वेषण र पूर्वाधार विकासमार्फत स्वरोजगारी, गरिबी न्यूनीकरण र आर्थिक विकासमा जोड दिएको छ । यस पालिकाभित्र पर्यटकीय दृष्टिले धेरै आकर्षक ठाउँहरू विद्यमान रहेका छन् । जस्तै : पाण्डवेश्वर शिव मन्दिर, सावरीकोट, बौद्ध स्तुप, जैविक विविधताले भरिपूर्ण बबई नदी उपत्यका आदि । पर्यटन विकास एवम् प्रवर्द्धनका लागि समग्रमा धार्मिक, सांस्कृतिक, हस्तकला, पारिस्थितिक पर्यटन र साहसिक पर्यटन मुख्य क्षेत्रहरू हुन् । धार्मिक तथा ऐतिहासिक स्थलहरू, सांस्कृतिक सम्पदा र विविधता (जातीय, नृत्य, कला र हस्तकला), प्राकृतिक स्थलहरू (पोखरी, वन, दृश्यावलोकन), मनोरञ्जन स्थलहरू (रमाइलो उपत्यका, ड्रिमपार्क), कृषि पर्यटन, ट्रेकिङ, प्याराग्लाइडिङका दृष्टिले यो सहर सम्भावनायुक्त छ । घोराहीमा, ६५ होटल, रेस्टुरेन्ट, होमस्टे र सामुदायिक लजहरू दर्ता र सञ्चालनमा छन् ।[१४] यस अलावा हालै निर्माण गरिएका कृत्रिम तालहरू पनि पर्यटकीय दृष्टिले धेरै महत्त्व राखेका छन् ।

सांस्कृतिक महत्त्व बोकेका बाह्रकुने दह मेला, शिवरात्रि मेला, धारापानी मेला, लरैना मेला लगायतका सांस्कृतिक चाडपर्व तथा धार्मिक कार्यक्रम मनाइन्छ । तर। संरक्षणका लागि अपर्याप्त प्रयास, पर्यटन स्थलको अपर्याप्त प्रवर्द्धन, आवासका लागि सीमित विकल्प, पर्यटकीय स्थलहरूमा सीमित लगानी, व्यवसायीबीचको कमजोर समन्वय, होमस्टे तथा आतिथ्यता सम्बन्धी ज्ञान र सीपको अभाव पर्यटन विकासका प्रमुख सीमितता हुन् ।

---

१३. Budhathoki-Chhetri1, P. Shah, SK; Regmi, M. and Baral, S. (2021): Economic analysis and marketing system of Apis mellifera honey production in Dang, Nepal, Journal of Agriculture and Natural Resources 4 (1) 154-164.

१४. घोराही उपमहानगरपालिका (२०१८)

**मागको अवस्थाः**

अन्य व्यवसायजस्तै पर्यटन व्यवसाय पनि बजारको माग अनुसार गतिशील हुने हुँदा हालैका वर्षहरूमा घोराहीमा स्तरीय होटेलको माग बढ्दै गइरहेको छ । यात्रुहरूको चाप, बढ्दो सम्पर्क, सञ्जाल एवम् पर्यटकको चाहना र पर्यटनका अन्य क्षेत्रहरूको विकास भएसँगै यहाँ समयसापेक्ष पर्यटकीय सेवाको माग बढ्ने छ । यस अन्तर्गत होटेल, रेस्टुरेन्ट, क्याफे, सुविधायुक्त परिवहन सेवा, आदि पर्दछन् ।

**सहयोगी संस्थाहरूः**

पर्यटकीय विकासका लागि निम्न संस्थाहरू सहयोगी हुन सक्नेछन् ।

- उद्योग वाणिज्य महासङ्घ
- नेपाल पर्यटन बोर्ड
- सम्बन्धित प्रादेशिक मन्त्रालय
- होटेल व्यवसायी सङ्घ
- यातायात व्यवसायी सङ्घ
- बैङ्क तथा वित्तीय संस्थाहरू

## ३.६ पहिचान गरिएको प्रमुख क्षेत्र नं ६ – स्वास्थ्य, शिक्षा र सूचना प्रविधिः

बढ्दो सहरी जनसङ्ख्या, बसाइँसराइ जस्ता सामाजिक परिवर्तनले शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरूमा प्रत्यक्ष प्रभाव परेको हुन्छ । घोराही उपत्यका राप्ती क्षेत्रकै व्यापारिक केन्द्र भएको र सीमावर्ती पहाडी जिल्लाहरूका लागि प्रमुख प्रवेशद्वार रहिआएको छ । उच्च शैक्षिक एवम् स्वास्थ्य सुविधा लिनका लागि यहाँका र सीमावर्ती जिल्लाका जनता नेपालगन्ज, भैरहवा, काठमाडौँ जानुपर्ने अवस्था रहेको छ । भौगोलिक सामीप्यताका हिसाबले सीमावर्ती जिल्लाहरूका जनताका लागि शिक्षा र स्वास्थ्य जस्ता सेवाहरू घोराहीमा उपलब्ध हुन सक्दा सबैलाई सजिलो हुने अवस्था रहन सक्छ र यो व्यावसायिक अवसर घोराहीले लिन सक्दा यहाँको सामाजिक आर्थिक विकासमा ठूलो परिवर्तन आउन सक्छ । यस अलावा हाल यहाँ सञ्चालनमा रहेका मेडिकल कलेज, राप्ती स्वास्थ्यविज्ञान प्रतिष्ठान आदिलाई स्तरोन्नति गरी स्वास्थ्य र शिक्षा क्षेत्रको 'हब' निर्माण गर्न सकिने छ ।

**मागको अवस्था**

बढ्दो जनसङ्ख्या, जनशक्तिको माग एवम् बदलिँदो रोजगारीका सवालहरूले गर्दा समयानुकूल शिक्षा र सीपयुक्त जनशक्ति उत्पादन आजको आवश्यकता हो भने राप्ती क्षेत्रकै मध्यभागमा रहेको घोराहीले यस क्षेत्रमा तुलनात्मक रूपमा प्रथमतः यहाँको बदलिँदो आवश्यकतालाई पूरा गर्न सुलभ, सस्तो र गुणस्तरीय शैक्षिक वातावरण बनाउन सक्ने देखिन्छ । हाल सञ्चालनमा रहेका शैक्षिक प्रतिष्ठान एवम् व्यावसायिक शिक्षा तालिम केन्द्रहरूको स्तरोन्नतिद्वारा सो माग हासिल हुन सक्दछ ।

## ४. व्यावसायिक वातावरण र आर्थिक सुशासन

व्यावसायिक वातावरण सर्वेक्षण विधि (बी.सी.एस.) कुनै पनि स्थान विशेषको आर्थिक विकासको गति तथा आर्थिक सुशासन मापन गर्ने उपकरण हो । यस सर्वेक्षणको नतिजाले कुनै ठाउँको आर्थिक विकासको स्थिति थाहा पाउनका लागि उपयुक्त सूचकहरू उपलब्ध गराउँछ । साथै यसले अन्तरक्षेत्रीय कार्य सम्पादनको मापन (बेन्चमार्किङ) द्वारा ती भिन्न भिन्न स्थानहरूबीचको स्वस्थ प्रतिस्पर्धालाई बढावा दिन सक्नेछ र त्यस्तो जानकारीले आफ्नो स्थान तुलनात्मक रूपमा कहाँ रहेको छ, के विषयमा राम्रो र कुन कुन बिषयमा थप सुधार गर्नु पर्ने रहेछ भन्ने जानकरी दिई विकासको कार्यलाई गति दिन मद्दत गर्दछ । यसरी प्राप्त सर्वेक्षणको परिणाम सार्वजनिक बहस तथा नीति तर्जुमाका लागि महत्त्वपूर्ण हुन सक्छ । यसै सन्दर्भमा यस पालिकाको पनि २०२०/२१ र २०२१/२०२२ व्यावसायिक वातावरण सर्वेक्षण गरिएको थियो, जसको नतिजा र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

व्यावसायिक वातावरण सर्वेक्षण २०२१/०२२ का उद्देश्य निम्नानुसार छन् :

- व्यवसाय सञ्चालन तथा लगानी कायम राख्न तथा आकर्षित गर्नका लागि पालिकाहरूको आकर्षक अनुगमन/निगरानी गर्न ।
- आर्थिक सुशासनको गुणस्तर (आर्थिक नियमन तथा सेवाहरू) तथा लगानी, रोजगारी, व्यापार, कानुनी अनुपालन तथा दिगोपनामा निजी क्षेत्रको कार्यसम्पादन मापन गर्न ।
- पालिका स्तरमा जलवायु अनुकूलन सम्बन्धी नीति, कार्यक्रम, अनुगमन प्रणालीको लेखाजोखा गर्न
- उद्यम व्यवसायको कार्यसम्पादन/आवश्यकतामा कोभिड-१९ को असर र कोभिड-१९ सङ्कटसँग जुध्नका लागि पालिकाको क्रियाशीलताबारे बुझ्न ।
- पालिकाहरूको कार्यसम्पादनमा सुधार गर्न पालिकाहरूबीच श्रेणीकरण र स्वस्थ प्रतिस्पर्धाको थालनी गर्न ।
- पालिका तथा प्रादेशिक तहमा नीति संवाद र योजना तर्जुमाको लागि आवश्यक निवेश (इनपुट) उपलब्ध गराउन ।

**घोराही अर्थतन्त्रको निदानः**

स्थानीय विज्ञहरूसँगको प्रारम्भिक कार्यशालामा चार प्रमुख आर्थिक उपक्षेत्रहरू (तरकारी खेती, कुखुरापालन, मौरीपालन र पर्यटन) पहिचान गरिएको थियो । यी उपक्षेत्रहरू घोराहीको स्थानीय आर्थिक विकासका लागि र महानगरपालिकाका प्राथमिकताहरू अनुरूप अत्यन्त सान्दर्भिक मानिन्छन् । पर्यटनलाई आर्थिक विकासको सबै क्षेत्रलाई छुने उपक्षेत्र मान्दै उच्च प्राथमिकता दिएको छ ।

PACA प्रक्रियाले घोराहीको स्थानीय अर्थतन्त्रको प्रत्येक उपक्षेत्र (अर्थात तरकारी, कुखुरापालन, मौरीपालन र पर्यटन) को लागि मुख्य प्रतिस्पर्धात्मक फाइदाहरूको निम्न तीन मुख्य मापदण्डहरूलाई आधार मानेर पहिचान गऱ्यो :

- यस क्षेत्रका लागि बृहत्तर लाभ सिर्जना गर्न सम्भावना ।
- प्रतिस्पर्धाको सन्दर्भ तर मुख्य स्थानीय व्यवसायहरूबीचको सहयोग ।
- मुख्य व्यावसायिक कम्पनीहरू, व्यावसायिक सेवा प्रदायकहरू र सहयोगी संस्थाहरूबीच बलियो सम्बन्ध ।

यद्यपि यस उपमहानगरपालिकाको प्राथमिकता कृषि क्षेत्रमा रहेको छ । घोराहीमा कुल जग्गा क्षेत्रको ४२.५१% प्रतिशत खेतीयोग्य छ, जसमध्ये अधिकांश खेतीयोग्य जमिन बाँझो अवस्थामा छ । खेतीयोग्य जमिन पूर्ण रूपमा उपयोग भएको छैन । अहिले पनि निर्वाहमुखी खेती प्रणालीबाट नै खेतीपाती गरिन्छ । व्यावसायिक खेतीका लागि सिँचाइ, सडक, उत्पादन सङ्कलन केन्द्र, प्रशोधन केन्द्र स्थापना, विद्युत् आपूर्ति जस्ता भौतिक पूर्वाधारमा सुधार एवम् पहुच पुऱ्याउन आवश्यक छ । त्यसै गरी प्रादेशिक तथ्याङ्कलाई हेर्दा यस प्रदेशमा एक कृषक परिवारसँग औसतमा ०.७ हेक्टर जग्गा रहेको देखिन्छ । ७६.५% कृषक परिवारसँग १ हेक्टरभन्दा काम जग्गा रहेको देखिन्छ, तिनीहरूसँग कुल जग्गाको ५५% जमिन रहेको देखिन्छ । सर्सर्ती हेर्दा जग्गाको आकार व्यावसायिक कृषि गर्न पुग्ने गरी छैन । तसर्थ, यदि कृषिलाई आर्थिक विकासको एक महत्त्वपूर्ण आर्थिक क्षेत्र मान्ने हो भने छरिएर रहेका किसानहरूलाई एकीकृत गर्ने संस्थागत संरचनाको आवश्यकता पर्दछ ।

व्यावसायिक वातावरण सर्वेक्षण विधि (बीसीएस) कुनै पनि स्थान विशेषको आर्थिक विकासको गति तथा आर्थिक सुशासन मापन गर्ने उपकरण हो । यस सर्वेक्षणको नतिजाले कुनै ठाउँको आर्थिक विकासको स्थिति थाहा पाउनको लागि उपयुक्त सूचकहरू उपलब्ध गराउँछ । साथै यसले अन्तरक्षेत्रीय कार्य सम्पादनको मापन (बेन्चमार्किङ) द्वारा ती भिन्नभिन्न स्थानहरूबीचको स्वस्थ प्रतिस्पर्धालाई बढावा दिन सक्नेछ र त्यस्तो जानकारीले आफ्नो स्थान तुलनात्मक रूपमा कहाँ रहेको छ, के विषयमा राम्रो र कुन कुन विषयमा थप सुधार गर्नु पर्ने रहेछ भन्ने जानकारी दिई विकासको कार्यलाई गति दिन मद्दत गर्दछ । यसरी प्राप्त सर्वेक्षणको परिणाम सार्वजनिक बहस तथा नीति तर्जुमाका लागि महत्त्वपूर्ण हुन सक्छ । यसै सन्दर्भमा यस पालिकाको पनि २०२०/२१ र २०२१/२०२२ व्यावसायिक वातावरण सर्वेक्षण गरिएको थियो, जसको नतिजा र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

## ४.१ व्यावसायिक वातावरण सर्वेक्षण २०२१[१७]

व्यावसायिक वातावरण सर्वेक्षण २०२०/२१ कुल ११ नगरपालिकाका १,७८८ व्यक्तिहरूसँग गरिएको थियो । सर्वेक्षणका लागि लिइएको उक्त नमुनाले वास्तविक आर्थिक संरचनाको अवस्थालाई प्रतिबिम्बित र प्रतिनिधित्व गर्दछ भन्ने विश्वास लिइएको छ, जुन यस प्रकार छ :

[१५] घोराही उपमहानगरपालिका, २०७९ - आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मको प्रगति प्रतिवेदन पुस्तिका

[१६] प्रदेश सरकार, प्रदेश नं ५, प्रदेश योजना आयोग, २०७६; प्रदेश नं ५ को प्रथम आवधिक योजना, (आ.व. २०७६/७७ - २०८०/८१)

[१७] https://bcsnepal.org

| | |
|---|---|
| व्यापार/सेवा क्षेत्रका उद्यमहरूबाट | ८८.३% |
| उत्पादन क्षेत्रबाट | १०.८% |
| र, कृषि क्षेत्रबाट | १.१% |

उत्तरदाताहरूमध्ये ९५.२% लघुउद्यमहरू छन् । ४.४% साना उद्यम र क्रमशः ०.३% र ०.१% मध्यम र ठूला फर्महरू रहेका छन् ।

व्यावसायिक वातावरण इन्डेक्स (BCI) को नतिजा नगरपालिकाहरूको सापेक्ष कार्यसम्पादनमा आधारित भई १–१०० को श्रेणी मापनमा आधारित छ । समग्र व्यावसायिक वातावरण इन्डेक्समा सात उपसूचकाङ्कहरू समावेश गरिएको छ, जुन यस प्रकार छन् :

स्थानीय आर्थिक कार्यसम्पादन प्रदर्शन, स्थानीय आर्थिक शासन, पूर्वाधार, व्यावसायिक भावना, व्यावसायिक गतिशीलता, व्यावसायिक सेवा र स्थिरता । सबै सात सूचकाङ्कहरूमा, ४७ उप–सूचकहरू बनाइएका छन्, जुन आंशिक रूपमा सर्वेक्षणको नतिजा र आंशिक रूपमा तथ्याङ्हरूमा आधारित छन् । व्यावसायिक वातावरण इन्डेक्स (BCI) २०२०/२१ को लागि औसत स्कोर ५२ रहेको छ भने घोराही उपमहानगरपालिकाले ५२ अङ्क प्राप्त गरेको छ ।

## ४.२ व्यावसायिक वातावरण सर्वेक्षण २०२२

व्यावसायिक वातावरण सर्वेक्षणको दोस्रो प्रयोग २०२१/२०२२ मा ४२ वटा पालिकाका ५,६९० उद्यम तथा सहकारी संस्थालाई समेटिएर गरिएको थियो ।

यहाँ देखाइएका तथ्याङ्कहरूले पालिकाहरूको वास्तविक आर्थिक संरचनालाई प्रतिबिम्बित गर्दछन् । जस्तै : ६७.५४% व्यापार/सेवा क्षेत्र, ५.५४% उत्पादन क्षेत्र २६.९२% कृषि । उत्तरदाताहरूमध्ये ९५.१५% लघुउद्यमहरू, ४.५९% साना उद्यमहरू, ०.१२% मध्यम र ०.१४% ठूला फर्महरू छन् । नेपालमा बीसीएसको दोस्रो संस्करण तीन वटा विकास परियोजनाहरूको **(जी.आई.जेड.ले सहयोग गरेको एल पी.ई.डी./GRAPE र सी.डी.–एस.जी. तथा यू.एस.एड.–साझेदारी सपोर्ट टु फेडरलिज्म)** संयुक्त प्रयास हो । यी तीनवटै परियोजनाले सुदूरपश्चिम र कर्णाली प्रदेशहरूमा आर्थिक विकासका मौजुदा तौरतरिका र ढाँचाको अवस्था सुधार्न सहयोग गर्छन् ।

**व्यावसायिक वातावरण सर्वेक्षण २०२१/२०२२ का प्रमुख नतिजाहरू[१८] :**

यस वर्षको सर्वेक्षणले समग्र व्यवसाय वातावरण सूचकाङ्क (बी.सी.आई.) मा आठवटा उप–सूचकाङ्कहरू समावेश गरेको छ, जुन यस प्रकार छन् : **स्थानीय आर्थिक कार्यसम्पादन, स्थानीय आर्थिक सुशासन, पूर्वाधार,**

---

[१८] https://bcsnepal.org

**व्यावसायिक भावना, व्यावसायिक गतिशीलता, व्यावसायिक सेवा, दिगोपना र जलवायु उत्थानशीलता, तथा जलवायु स्मार्ट शासन ।** सबै आठ सूचकाङ्कहरूमा, ४९ वटा उप-सूचकहरू लागू गरियो जुन, आंशिक रूपमा सर्वेक्षणको नतिजा र आंशिक रूपमा तथ्याङ्कहरूमा आधारित छन् । बी.सी.आई. २०२१/०२२ का लागि औसत अङ्क ४० हो भने घोराही उपमहानगरपालिकाले ४५ अङ्क प्राप्त गरेको छ । जुन अघिल्लो वर्षको तुलनामा कम हो ।

*तालिका नं १ : व्यावसायिक वातावरण सर्वेक्षण, २०२१/२०२२ को मुख्य नतिजा घोराही उपमहानगरपालिका :*

| स्थानीय तह | | घोराही उपमहानगरपालिका |
|---|---|---|
| कुल उद्यम सङ्ख्या (जनसङ्ख्या) | | ५२१९ |
| नमुना आकार | | १६५ |
| नमुना संरचना % (क्षेत्र सम्बद्धता) | कृषि | २% |
| | उत्पादन | १४% |
| | व्यापार/अन्य सेवाहरू | ८४% |
| नमुना संरचना % (व्यापार आकार) | सूक्ष्म (१-९) | ९७% |
| | सानो (१०-४९) | २% |
| | मध्यम (५०-९९) | १% |
| | ठूलो (१००) | - |
| महिला स्वामित्व भएका कम्पनीहरूको प्रतिशत | | २०% |
| एकल स्वामित्वको प्रतिशत | | ९८% |
| बी.सी.आई. सूचकाङ्क २०२१/२२ | | ४५ |
| बी.सी.आई. सूचकाङ्क २०२१/२२ औसत सूचकाङ्क | | ४० |
| बी.सी.आई. श्रेणी | | ७ |

नतिजा प्राप्तिका हिसाबले उच्च, मध्यम र कम प्रदर्शन गर्ने सूचकहरू रहेका छन् :

**उच्च प्रदर्शन गर्ने उपसूचकाङ्कहरूः** पूर्वाधार (१०० मध्ये ६५ : औसत ३१), व्यावसायिक सेवाहरू (१०० मध्ये ६८ : औसत ३३)

**मध्यम प्रदर्शन गर्ने उप-सूचकाङ्कहरूः** स्थानीय आर्थिक शासन (१०० मध्ये ४२ : औसत ४२); दिगोपना (१०० मध्ये ३२: औसत ३०)

**कम प्रदर्शन गर्ने उपसूचकाङ्कहरूः** स्थानीय आर्थिक प्रदर्शन (१०० मध्ये २५ : औसत २९); व्यावसायिक भावना (१०० मध्ये ४९ : औसत ५८); व्यावसायिक गतिशीलता (१०० मध्ये ३९ : औसत ४३); जलवायु स्मार्ट शासन (१०० मध्ये ४३ : औसत ४७)

माथि उल्लिखित सूचकाङ्कहरूमा मध्यम नतिजा प्रदर्शन गर्ने दुईवटा उप-सूचकाङ्क र कम प्रदर्शन गर्ने चारवटा उप-सूचकाङ्कहरूमा उल्लेख्य सुधार गर्नुपर्ने देखिन्छ । साथै, व्यावसायिक वातावरण सर्वेक्षण २०२१/२०२२ का प्रमुख नतिजाहरू प्रस्तुत गर्ने क्रममा घोराहीमा आयोजित गोष्ठीमा निम्न प्रमुख प्रश्नहरू र ाखिएको थियो र सो गोष्ठीबाट प्राप्त सुझावहरूलाई समेत समेटी आगामी दिनमा सुधार गर्नुपर्ने कमजोरीहरू समेटिएका छन्, विस्तृत जानकारीका लागी अनुसूची १ मा हेर्नुहोला ।

## ४.३ सान्दर्भिक योजनाको सन्दर्भ

हालैका वर्षहरूमा यस उपमहानगरपालिकासँग सम्बन्धित केहि राष्ट्रिय र प्रादेशिक रूपमा सम्भावित मध्यम र दीर्घकालीन अवधिका गौरवका योजनाहरू अगाडि देखा परेका छन् जसको सफल कार्यान्वयन हुन सकेको खण्डमा आर्थिक विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विषयमा कुनै सन्देह छैन । तसर्थ यो रणनीतिको तयारी भइरहँदा यस विषयलाई पनि यहाँ जोड्न सान्दर्भिक हुन्छ किनभने आर्थिक विकासमा कुनै पनि नयाँ योजना वा क्रियाकलापले भविष्यमा गर्न खोजिएको कार्यक्रमलाई के कसरी प्रभाव पार्न सक्छन्, त्यसको सम्भावित असर र अर्थ के हुन सक्छ, के कस्तो अवस्थामा एकअर्काको परिपूरकको रूपमा तिनीहरूले गुणात्मक परिवर्तन र सम्भावित जोखिमहरूलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने जस्ता विषयवस्तुहरूलाई विश्लेषण र निराकरण गर्न मद्दत गर्दछन् ।

यस सन्दर्भमा सम्भावित गौरवका योजनाहरू निम्नानुसार पाइएकाले प्रस्तुत तल प्रस्तुत गरिएको छ ।

*तालिका नं २ : सङ्घ र प्रदेशबाट सञ्चालित योजनाहरू*

| आयोजना | हालको अवस्था | हुन सक्ने लाभ तथा प्राप्ति |
|---|---|---|
| १. नारायणपुर अन्तर्राष्ट्रिय विमानस्थल | डी.पी.आर.का लागि बजेट विनियोजन | अन्तर्राष्ट्रिय सम्बन्ध तथा व्यापार |
| २. माडी डाइभर्सन | अध्ययन भइसकेको | सिँचाइ, खानेपानी र पर्यटनको विकास (~50,000 ha,) |
| ३. प्रादेशिक राजधानी–भालुवाङ | निर्णय भई कार्यान्वयनको चरणमा | बहुपक्षीय विकासमा सकारात्मक प्रभाव |
| ४. घोराही मसिनाह- अरङ्गखोला सुरुङमार्ग, अरङ्गखोला खाने पानी योजना अरङ्गखोला, स्वर्गद्वारी केवलकार | अध्ययनका लागि बजेट विनियोजन | सिँचाइ खानेपानी र पर्यटन विकास, बहुपक्षीय विकासमा सकारात्मक प्रभाव |
| | | सिँचाइ खानेपानी र पर्यटन विकास, बहुपक्षीय विकासमा सकारात्मक प्रभाव |
| | अध्ययनका लागि बजेट विनियोजन | सरकार, निजी तथा सहकारी तथा अन्य लगानीकर्ताको संयुक्त पहल |
| ५. बायो ग्यासप्लान्ट | फोहर सङ्कलन र वर्गीकरण | ग्यास प्लान्ट जडान करिब ५०० घरमा ग्यास पाइप जडानको क्रममा, सोको सफल कार्यान्वयनलाई अन्य वडाहरूमा पनि लैजान सकिने र विस्तार गर्ने कार्यक्रम |

## ५. क्षेत्रीय प्रतिस्पर्धात्मक लाभ र आर्थिक सम्भावनाहरू

### ५.१ विकासको बाटो

गतिशील समयको सन्दर्भमा विकास प्रक्रिया पनि विविध आरोह-अवरोहसँगै अगाडि बढ्ने वा संकूचित हुने गर्दछन् । सोही अनुरूप घोराही उपमहानगरपालिकाले पनि सयम क्रममा विभिन्न राजनीतिक, सामाजिक, वातावरणीय, आर्थिक एवम् प्राकृतिक अवसरको उपयोग र चुनौतीहरूको सामना गरेको देखिन्छ । प्राप्त अवसरहरूले सकारात्मक असरहरूसहित आर्थिक सफलताहरू दिएको पाइन्छ भने चुनौतीहरूले आर्थिक क्षेत्रमा असफलता एवम् नकारात्मक असरहरू दिएको पाइएको छ । सो सम्बन्धमा आर्थिक सफलताका र असफलताका कारणहरू खुट्याउने क्रममा समीक्षा गोष्ठी र विभिन्न छलफलबाट प्राप्त तथ्यहरूलाई केलाइएको छ । यसका लागि वि.सं. २०५० सालदेखि हालसम्म अनुभव गरिएका एवम् देखिएका प्रमुख घटना एवम् सन्दर्भहरूलाई तल तालिका ३ मा प्रस्तुत गरिएको छ, जसका फलस्वरूप घोराही उपमहानगरपालिकामा आर्थिक सफलता एवम् असफलताहरू मिल्यो ।

*तालिका नं ३ : समयक्रममा देखिएका घटनाहरू एवम् यसको प्रभावहरू*

| वर्ष (दशक) | घटना | प्रभाव |
|---|---|---|
| २०५०–२०६० | निजीकरणको सुरुवात, बहुदलीय लोकतन्त्र, स्थानीय विकासका लागि बजेट बढाउने नयाँ राजनीतिक प्रतिबद्धता | साना तथा मझौला उद्योग, कलकारखाना स्थापना, स्थानीय विकासमा नया जोस र आकांक्षा, सहयोगी पूर्वाधार र संरचनाहरू, प्राविधिक शिक्षालयहरूको स्थापना – बढ्दो सडक सञ्जाल, निजी क्षेत्रलाई प्रोत्साहन, उल्लेख्य सङ्ख्यामा सहकारी संस्था,वित्तीय संस्था तथा बैङ्कहरूको स्थापना |
| २०५०–२०६० | सशस्त्र द्वन्द्व, प्यूठान भालुवाङ राप्ती राजमार्ग सडक | – स्थानीय अर्थतन्त्र- (मुख्यतः कृषि) प्रायः ठप्प<br>– जमिन बाँझो<br>– सघन बसाइँसराइ<br>– विदेश पलायन<br>– व्यवसायमा पलायन<br>– यातायातको सुगमताका कारण व्यवसाय गर्न बुटवल, कृष्णनगर जाँदा व्यवसायमा कमी भएको |
| २०६०–२०७० | विस्तृत शान्ति सम्झौता, सरकार र विकास साझेदारहरूले द्वन्द्व न्यूनीकरण गर्न आर्थिक विकासका क्षेत्रहरूमा लगानी बढाउने प्रतिबद्धता | आर्थिक क्रियाकलापमा वृद्धि, नयाँ व्यवसायको स्थापना, तरकारी, फलफूल तथा पशुजन्य व्यवसायमा वृद्धि, मानव विकास केन्द्रित विकास प्रणालीका बारेमा नयाँ प्रकारको चिन्तनको विकास |
| २०६० – ७० | नाकाबन्दी, सङ्घीयता | • इन्धन आपूर्ति बन्द<br>• बाहिरबाट कच्चा पदार्थको उपलब्धता अत्याधिक कमी<br>• जिल्लास्थित कार्यालय तुलसीपुर लमही लगायत सम्बन्धित पालिका सरेका कारण |

| | | |
|---|---|---|
| २०७०-२०८० | नयाँ संविधान जारी, संविधानतः विकेन्द्रित अधिकारसहितको सशक्त स्थानीय सरकार र शासन प्रणाली | स्थानीय स्तरमा ठूलो आकारको विकास बजेट, राजनीतिक स्थायित्व, कृषिमा यान्त्रीकरण (हाते ट्र्याक्टर, थोपा सिँचाइ, कुलो, शीतभण्डार), पर्यटन प्रवर्द्धन (मुख्यतः धार्मिक एवम् अन्तरिक पर्यटन), ४३ वटा विभिन्न जलाशयको निर्माण, कृषि प्रविधिमा जनताको पहुँच, मध्यम स्तरका उद्योग व्यवसायहरूमा वृद्धि, दुईवटा सिमेन्ट कारखानाको स्थापना, प्राविधिक एवम् व्यावसायिक शिक्षालयहरूको स्थापना, बैङ्क एवम् वित्तीय संस्थाहरूको सङ्ख्या र सेवा विस्तार |
| | कोभिड, महामारी एबम प्रायः हरेक बर्ष हुने प्राकृतिक प्रकोप | • उद्योग व्यवसायमा बन्द, यातायात बन्द<br>• विप्रेषणमा कमी,<br>• शिक्षा क्षेत्र धरासायी, प्रदूषण |
| २०८०-२०९० | राजनीतिक स्थायित्व, पूर्वाधारमा बढ्दो लगानी, नयाँ आर्थिक उपक्षेत्रहरूको सिर्जना | स्थानीय तहको संस्थागत सुदृढीकरण, कृषिको व्यावसायिक आधुनिकीकरण, आर्थिक लगानी वृद्धि, उच्च रोजगारी दर, जीवनको गुणस्तरमा वृद्धि |

## ५.२ स्थान विशेषका कारकहरू

घोराहीको स्थान विशेषको अवस्थितिका कारण बन्न र हुन सक्ने आर्थिक सम्भावनाहरू यसप्रकार रहेका छन् :

**आर्थिक विकासका आधारहरू**

**भौगोलिक अवस्थिति :** कुनै पनि ठाउँको भौगोलिक अवस्थितिले त्यहाँको भौतिक, आर्थिक, औद्योगिक, व्यावसायिक, सामाजिक विकासलाई प्रत्यक्ष प्रभाव परेको हुन्छ । यस सन्दर्भमा घोराहीको अवस्थिति पनि महत्त्वपूर्ण हुन्छ । महाभारत र चुरेबीचमा रहेको समथर उपत्यका जल, जग्गा, जमिन, जङ्गल आदिले आर्थिक विकासका लागि अनुकूल वातावरण प्रदान गरेका छन् । समथर भूमिको हिस्सा अधिकतर रहेको यो नगरपालिकामा पूर्वाधार विकास गर्न लागत कम लाग्न सक्ने हुँदा औद्योगिक एवम् व्यावसायिक उपक्रमहरू स्थापना गर्न तुलनात्मक रूपमा बढी नै उपयुक्त छ ।

- **अनुकूल हावापानी :** भित्री मधेसको रूपमा रहेको दाङ उपत्यकाअन्तर्गतको यस पालिका समुद्री सतहदेखि ६००-७०० मिटरको उचाइमा रहेको छ । यो उपत्यका वरिपरि पहाड र जङ्गलले घेरिएको छ जसले यहाँको पर्यावरणलाई स्वच्छ बनाइरहन मद्दत गर्दछन् । घोराहीको हावापानी लगभग उष्णकटिबन्धीय छ र यो मौसमी नदी र प्रचुर मात्रामा भूमिगत पानीले भरिपूर्ण छ । गर्मीमा न्यानो र आर्द्र हुन्छ भने जाडो हल्का र रमाइलो हुन्छ । दाङ उपत्यकामा कतै चिसो र कतै उप-उष्णकटिबन्धीय हावापानी रहेको छ । महाभारत शृङ्खलाको उत्तरी भागमा चिसो तापक्रम रहेको छ । उपयुक्त हावापानी र राम्रो पहुँचका कारण घोराही वर्षैभरि रमाइलो हुन्छ । बबई यहाँको प्रमुख नदी हो ।

- **प्रवेश एवम् पारवहन केन्द्र :** आर्थिक विकासको दृष्टिकोणमा प्रवेश एवम् पारवहन केन्द्र अन्य क्षेत्रको तुलनामा बढी नै विकसित र प्रतिस्पर्धात्मक हुने गर्दछ । यस सन्दर्भमा घोराही उपमहानगरपालिका उत्तर, पश्चिमका पहाडी जिल्लाहरूको प्रवेश केन्द्रको रूपमा रहेको छ भने त्यहाँबाट हुँदै उत्तर दक्षिण राजमार्ग जोडिने मध्यविन्दुमा रहेको छ । कोइलाबास नाका नेपाल-भारतको वाणिज्य द्वार बन्न सकेको खण्डमा यहाको कृषि पैदावार र औद्योगिक उत्पादन छिटो, छरितो र कम लागतमा पारवहन गर्न सकिने देखिन्छ ।

- **प्राकृतिक स्रोतको उपलब्धता :**

  यस पालिकाको प्रमुख उत्पादन र सम्भावना बोकेका प्राकृतिक स्रोत र साधनहरू निम्न अनुसार छन् :

  वन (गैरकाष्ठ) - टिमुर, बाँस, टुसा, चिउरी, बाबियो, सालको पात, दालचिनी

  कृषिभूमि - मौसमी एवम् बेमौसमी तरकारी, फलफूल, सुन्तला एवम् कागती उत्पादन

  पशुपालन - डेरी उद्योग, बदिया भाले उत्पादन (भौगोलिक पहिचानको सम्भावनासहित)

  जलस्रोत - सिँचाइ, पर्यावरण, आन्तरिक पर्यटन, माछापालन

  खनिज - ढुङ्गा, गिट्टी, बालुवा लगायत खनिज सम्पदाका लागि दाङ जिल्ला देशैभर प्रख्यात छ । चुनढुङ्गा, कोइला, तामा, खनिज तेल, नुन र विभिन्न चट्टानहरू पाइन्छन् ।

- **पूर्वाधारको उपलब्धता :**

  सडक सञ्जाल - चौतर्फी विकास, पहुँचमा उल्लेख्य सुधार र ग्रामीण-सहरी इलाका सहसम्बन्ध बढ्दो

  सिँचाइ - राष्ट्रिय एवम् प्रादेशिक आयोजनाको थालनी, तलाउ निर्माण र जलाधार संरक्षण

  हवाई सम्पर्क - तुलसीपुर विमानस्थल सञ्चालन, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रत्यक्ष प्रभाव - विशेषतः कृषि र पर्यटनमा पर्न सक्ने ।

- **पर्यटकीय स्थल (धार्मिक, ऐतिहासिक र प्राकृतिक) :**

  धार्मिक पर्यटन - ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वका मठ. मन्दिर, रूकुम, रोल्पा एवम् मध्यपहाडी पदमार्ग

- **वित्तीय सेवा क्षेत्रको विस्तार :**

  घोराही उपमहानगरपालिकामा उद्योग एवम् व्यापारमा लगानी गर्न वाणिज्य बैङ्क र अन्य विविध वित्तीय संस्थाहरू कर्जा लगानी एवम् निक्षेप सङ्कलन हुने गरेको देखिन्छ । घोराही उपमहानगर पालिकाको प्रोफाइल प्रतिवेदनका २०७७ का अनुसार यहाँ १० वटा वाणिज्य बैङ्क, पाँचवटा विकास बैङ्क, तीनवटा वित्तीय संस्था, १८४ वटा विविध सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । उक्त प्रतिवेदनका अनुसार करिब ५१.५% जनसङ्ख्यासँग बैङ्क खाता रहेको देखिन्छ भने उल्लेख्य मात्रामा उद्योग एवम् व्यवसायमा कर्जा प्रवाह भएको छ । भविष्योन्मुख भएर हेर्दा बैङ्क तथा वित्तीय क्षेत्रको सेवा विस्तारले थप र नयाँ आर्थिक गतिविधिमा लगानी गर्न मद्दत पुग्ने नै देखिन्छ ।[१९]

---

[१९] घोराही उपमहानगरपालिका, नगर प्रोफाइल २०७५

- **शिक्षा र स्वास्थ्यका क्षेत्रहरूमा बढ्दो सार्वजनिक निजी लगानी :**

  शैक्षिक विकास र विस्तारका हिसाबले यस उपमहानगरपालिकामा माध्यमिक तहको शैक्षिक संस्थाहरूका अतिरिक्त १५ वटा विश्वविद्यालयस्तरीय कलेज र क्याम्पसहरू सञ्चालनमा रहेका छन् । तथापि भविष्य-उन्मुख भएर हेर्दा यस पालिकामा राप्ती अञ्चलका पहाडी जिल्लाहरू लक्षित गरी प्राविधिक एवम् गुणस्तरीय शिक्षा एवम् स्वास्थ्य सेवा प्रदान गर्न सकेको खण्डमा यो पालिका शिक्षा र स्वास्थ्य सेवा विस्तारको केन्द्र बन्न सक्ने सम्भावना उच्च रहेको छ ।

## ५.३ क्षेत्रीय प्रतिस्पर्धात्मक लाभहरूमा निष्कर्ष

क्षेत्रीय प्रतिस्पर्धाको अवधारणा बढ्दो रूपमा विस्तारित छ । प्रतिस्पर्धी क्षेत्र त्यो हो जसले सफल फर्महरूलाई आकर्षित गर्न र कायम राख्न सक्छ र यस क्षेत्रका बासिन्दाहरूको जीवनस्तर कायम राख्न वा बढाउन सक्छ । आर्थिक विकासका सिद्धान्त एवम् अभ्यासहरूले दक्ष श्रम र लगानी क्रमशः 'अप्रतिस्पर्धी' क्षेत्रहरूबाट धेरै प्रतिस्पर्धी क्षेत्रहरूतर्फ आकर्षित हुन्छन् ।

घोराही उपमहानगरपालिकामा अधिकांश ग्रामीण क्षेत्र छन् । यस नगरपालिकाका वडा नं. १०, १३, १४, १५, १६, १७ र १८ सहरी चरित्रका छन् भने बाँकी अन्य वडाहरू ग्रामीण छन् । तीमध्ये केही सहरीकरणको प्रक्रियामा छन् । आफैँमा बढ्दो सहरीकरण, पूर्वाधारहरूको क्रमिक विकास, कृषि एवम् अन्य गैरकृषि क्षेत्रको विस्तार भौगोलिक, प्राकृतिक, क्षेत्रीय एवम् आर्थिक सामाजिक सञ्जालका दृष्टिकोणबाट अन्य जिल्लाहरूसँग पनि एकापसमा जोडिएकाले आगामी दिनहरूमा यो उपमहानगरपालिका थप प्रतिस्पर्धात्मक आर्थिक क्षेत्र हुन सक्ने देखिन्छ ।

## ५.४ संस्थागत संरचना र अवस्था

कुनै पनि योजनाबद्ध गतिविधि सञ्चालन गर्नका लागि साङ्गठानिक संरचनाको आवश्यकता पर्दछ । यस सिलसिलामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधीनमा रही नगरपालिकाले प्रशासनिक व्यवस्थापनका लागि नियमावली बमोजिम नगरपालिकामा सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न समिति गठन गर्न सक्नेछ । स्थानीय तहमा विषयगत समितिहरू निम्नानुसार हुन सक्ने छन् :

- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- विधेयक समिति
- आर्थिक विकास समिति
  - कृषि विकास शाखा
  - पशुपक्षी विकास शाखा
  - उद्योग, सहकारी र रोजगार शाखा
  - वातावरण र विपद् व्यवस्थापन समिति

कृषि तथा पशुपन्छी विकास सम्बन्धी गतिविधिहरू सामान्यतः नगरपालिकाको उपमेयरको अध्यक्षतामा रहेको आर्थिक विकास समितिको कार्यक्षेत्रमा पर्दछन् । त्यसैगरी नगरपालिकाभित्र र त्यसभन्दा बाहिरका समन्वय कार्यका लागि हालको समितिहरूको संरचना कम प्रभावकारी रहेकाले आर्थिक विकासका लागि 'स्थानीय सरकार सञ्चालन ऐन'को व्यवस्थाभित्र रही एक प्रभावकारी संयन्त्र बनाउन आवश्यक छ । (विस्तृत विवरण परिच्छेद ९ मा हेर्नुहोला ।)

## नीति नियम र निर्देशिकाहरू

त्यसै गरी आर्थिक विकासका कार्यक्रमहरू सञ्चालनका लागि विविध नीतिगत एवम् कानुनी संरचना र व्यवस्थाहरूको आवश्यकता पर्दछ । यस सन्दर्भमा सङ्घीय, प्रादेशिक एवम् स्थानीय स्तरमा भएका नीतिगत एवम् कानुनी व्यवस्थाहरूको व्याख्या तल गरिएको छ ।

### संवैधानिक व्यवस्था

*अर्थ, उद्योग, र वाणिज्य सम्बन्धी नीति :*

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ।
- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक वृद्धि हासिल गर्ने ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने ।
- आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था ।
- राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षण गदै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने ।
- औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।
- अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- किसानको हित संरक्षण र सम्बर्धन गर्दै उत्पादन र उत्पादकत्व सुधार्न भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापना र व्यासायिकीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने ।

### रणनीतिक दस्तावेजहरू

**कृषि विकास रणनीति, २०१५ :** सन् २०१५-२०३५ को अवधिमा कृषि विकासको लागि तर्जुमा गरिएको अग्रणी रणनीति हो । यसले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्रको विकास गर्ने परिकल्पना गरेको छ

जसले आर्थिक वृद्धिका साथै जीविकोपार्जनमा सुधार ल्याई खाद्य र पोषण सुरक्षामा योगदान पुऱ्याउँदै खाद्य सम्प्रभुता (Food Sovereignty) हासिल गर्नमा योगदान पुऱ्याउँछ ।

**पन्ध्रौं आवधिक योजना :** (२०७६/७७-२०८०/८१) ले १०.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने र सन् २१०० सम्ममा निरपेक्ष गरिबी शून्य प्रतिशतमा झार्ने लक्ष्य राख्दै देशको सुशासन, विकास र समृद्धि प्रवर्द्धन गर्ने सोच लिएको छ । योजनाले प्रतिव्यक्ति राष्ट्रिय उत्पादन (GNP Per Capita) सन् २०१९/२० (२०७६/७७) मा १०४७ अमेरिकी डलरबाट सन् २०२३/२४ मा १५९५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको छ । यस योजनाले कृषि क्षेत्रको वृद्धि, विस्तार र व्यावसायिकीकरण गर्ने, पर्यटन, उद्योग तथा व्यवसाय क्षेत्रको विकास, र प्राकृतिक स्रोत र वातावरणको संरक्षण गर्नमा जोड दिएको छ ।

अन्य विभिन्न पक्षहरूसँग सम्बन्धित नीतिहरू (Cross Dutting Policies) मा कृषि व्यवसाय प्रवर्द्धन नीति (२००६), राष्ट्रिय सहकारी नीति (२०१३), सिँचाइ नीति (२०१४), कृषि जैविक विविधता नीति (२०१४), कृषि यान्त्रीकरण प्रवर्द्धन नीति (२०१४), वन नीति (२०१५), राष्ट्रिय भू-उपयोग नीति (२०१५), वाणिज्य नीति (२०१५), जलवायु परिवर्तन नीति (२०१९), राष्ट्रिय कृषि-वन नीति (२०१९), गरिबी निवारण नीति (२०१९) आदि छन् ।

कृषि व्यवसाय प्रवर्द्धन नीतिले कृषिको विविधीकरण, व्यावसायिकीकरण र निजी क्षेत्रको संलग्नतामा व्यावसायिक कृषि उत्पादन र प्रवर्द्धनमा लगानीको वातावरण बनाउने विषयमा प्राथमिकता दिएको छ । राष्ट्रिय सहकारी नीति (२०१३) ले कृषिसँग सम्बन्धित सहकारीहरूको प्रवर्द्धन, बचत तथा ऋण र बहुउद्देश्यीय सहकारीहरूलाई नियमन गरी व्यावसायिकता वृद्धि गर्ने उद्देश्य लिएको छ ।

- सिँचाइ नीति (२०१४) ले कृषि उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउन वर्षैभरि दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने परिकल्पना गरेको छ ।
- कृषि यान्त्रीकरण प्रवर्द्धन नीति (२०१४) ग्रामीण क्षेत्रका युवा कृषकहरूको आप्रवासनका कारण कृषिकर्ममा देखिएको श्रमिकहरूको अभावलाई दृष्टिगत गरी तर्जुमा गरिएको छ । यस नीतिले समयमा नै खेतबारीका कृषि कार्यहरू गर्न, उत्पादकत्व वृद्धि र उत्पादन लागत घटाउन र कार्य बोझलाई घटाउन सहयोग पुऱ्याउने उद्देश्य राखेको छ ।
- राष्ट्रिय भू-उपयोग नीति (२०१५) उब्जायोग्य जमिनको बढ्दो खण्डीकरण र अव्यवस्थित सहरीकरणको मुद्दालाई दृष्टिगत गरी तर्जुमा गरिएको हो ।
- वाणिज्य नीति (२०१५) ले निकासी प्रवर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ । यस नीतिले प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्वबजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने लक्ष्य लिएको छ ।

**प्रदेश कृषि विकास रणनीति मस्यौदा :** नेपालको संविधानले निर्दिष्ट गरे अनुसार कृषि विकासका सबैजसो गतिविधि स्थानीय तथा प्रादेशिक सरकारको क्षेत्राधिकारभित्र पर्ने हुनाले लुम्बिनी प्रदेशको जनताको चाहना तथा आवश्यकतामा आधारित 'समृद्ध प्रदेश सुखी जनता' दूरदृष्टि अनुरूप कृषि क्षेत्रलाई आत्मनिर्भर तुल्याई अगाडि बढ्न व्यावहारिक मार्गचित्रसहित रणनीतिक कार्यदिशा निर्दिष्ट गर्ने ।

- प्रदेशको कृषिलाई आत्मनिर्भर, प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक तथा सम्मानजनक पेसाका रूपमा रूपान्तरण गर्ने ।
- प्रदेशको मौलिक कृषिवस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्न आधुनिक, समयसापेक्ष र दिगो नीतिगत, कार्यगत तथा लगानी वातावरण सिर्जना गर्ने ।
- प्रदेशस्थित पहाड र तराईबीचको आर्थिक असमानतालाई न्यून गर्न कृषि विकास (Growth) दरलाई उच्चता कायम गर्दै ग्रामीण युवाहरूलाई कृषि पेसातर्फ आकर्षित गर्ने ।
- प्रदेशको गौरवको आयोजना - एक जिल्ला एक उपज तथा प्रदेशलाई नेपालको बिउबिजनको राजधानीका रूपमा विकास गर्ने स्पष्ट खाकासहितको कार्यक्रम ।
- कृषि उद्योग : कृषिलाई आधुनिकीकरण तथा औद्योगिकीकरण गर्ने सन्दर्भमा यस प्रदेशमा स्थापित सात वाणिज्य केन्द्र र एउटा विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को लाभ उठाउन उद्यमीलाई कृषिवस्तुको मूल्य तथा गुणस्तरका आधारमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाउन उनीहरूको क्षमता विकास तथा तत्सम्बन्धी सुविधाहरूको विकास (Development) ।

**प्रदेशस्तरीय नीति नियम कानुन, निर्देशिका आदि**

- जग्गा एकीकरण सम्बन्धी नियमावली, २०७९ - जग्गा एकीकरण
- पर्यटन विकास परिषद् नियमावली, २०७८
- वन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७८
- उद्यम विकास कोष सञ्चालन नियमावली (प्रथम संशोधन, २०७८)
- पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७
- बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७
- सुशासन ऐन, २०७७
- वातावरण संरक्षण ऐन, २०७७
- प्रदेश सडक ऐन, २०७७
- साझेदारी ऐन, २०७६
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- पशुवधशाला तथा मासुजाँच ऐन, २०७५
- पशुस्वास्थ्य तथा पशुसेवा ऐन, २०७५
- खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५
- प्रदेश नं. ५ बिउबिजन ऐन, २०७५
- औद्योगिक व्यवसाय ऐन, २०७५

**घोराही उपमहानगरपालिकाले बनाएका नीति, नियम, निर्देशिका आदिः**

- फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७४
- बजार व्यवस्थापन कार्यविधि, २०७४
- घोराही उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- घोराही उपमहानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५
- घोराही उपमहानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७५
- भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि, २०७५
- पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- कृषि विकास कार्यक्रम सञ्चालन कार्य निर्देशिका, २०७५
- आर्थिक ऐन, २०७६
- तलाउ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६
- व्यावसायिक तरकारी उत्पादन कार्यविधि, २०७६
- कृषि यान्त्रीकरण अनुदान सञ्चालन कार्यविधि, २०७६
- सुशासन नीति, २०७६
- स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७८
- घोराही उपमहानगरपालिकाको सहकारी नियमावली, २०७७
- घोराही उपमहानगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७४
- घोराही उपमहानगरपालिकाको सहकारी ऐन, २०७४
- नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०७५
- घोराही उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

**लुम्बिनी प्रदेशको आवधिक योजना (२०७६/७७ -२०८०/८१)**

- **सोच : समृद्ध प्रदेश, खुसी जनता, प्राथमिकता प्राप्त क्षेत्र : कृषि, उद्योग, पर्यटन**
- कालोपत्रे सडक, आधुनिक यातायात प्रणालीको विकास
- खाद्यान्न, माछा, मासु, अन्डा, फलफूल, तरकारीमा आत्मनिर्भर हुँदै निर्यात गर्न सक्ने स्थिति बन्ने
- घोराही-तुलसीपुर कोरिडोरमा व्यवस्थित सहरीकरण विकास
- जी.डी.पी.मा औद्योगिक क्षेत्रको योगदान २०%
- वार्षिक न्यूनतम १५ लाख बाह्य पर्यटक
- जग्गा विकास तथा लिजिङ बोर्डको स्थापना
- महानगर पूर्वाधार योजना तयार (तुलसीपुर-घोराही) - पेज २०३
- पर्यटन विशेष सडक कार्यक्रम
- बायो ग्यास अनुदान कार्यक्रम

- दाङ उपत्यका जलस्रोत आयोजना
- स्थानीय तालतलैया संरक्षण कार्यक्रम
- साझेदारीमा सहरी फोहोर व्यवस्थापन तथा प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना
- वैकल्पिक विमानस्थल
- निजी क्षेत्रलाई प्रोत्साहित गर्दै - घोराही, पञ्चपोखरी, स्वर्गद्वारी - सुरूङ एवम् केवलकार निर्माण

**प्रदेशको वार्षिक कार्यक्रम (२०७९/८०)**


- कृषिको आधुनिकीकरण, यान्त्रीकरण व्यावसायिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै मूल्य शृङ्खलामा आधारित बजारीकरण गरी कृषि क्षेत्रको आयात प्रतिस्थापना र निर्यात वृद्धि गर्ने ।
- कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरूमा उत्पादन तथा रोजगारी वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै गरिबी न्यूनीकरण गर्ने ।
- आधारभूत भौतिक पूर्वाधारहरूको विकास र विस्तार गरी पिचडिएक क्षेत्रको आर्थिक-सामाजिक रूपान्तरण गर्ने ।
- एक स्थानीय तह : एक नमुना उत्पादन ।
- कृषकहरूको मागमा आधारित कृषि तथा पशुपक्षी विकास कार्यक्रम र सिँचाइसहितको कृषि विकास कार्यक्रम ।
- स्रोत केन्द्रको स्थापना (७०) साझेदारीमा, प्रदेशस्तरको एउटा कम्पोस्ट मल कारखाना र अन्य ७५ स्थानमा भर्मिकम्पोस्ट र प्राङ्ग्रारिक मल उत्पादन तथा प्रशोधन केन्द्र स्थापना, कृषि यान्त्रीकरण कार्यक्रम ।
- बाली-पशुपक्षी बीमा (८०%–२०%) ।
- एक पालिका : एक सामूहिक उद्यम कार्यक्रम ।
- परम्परागत कृषि औजार, हाते कागज, बेतबाँस उद्योग, ऊनी कम्बल र गलैँचा, गुन्द्री, ढकिया एवम् थाकल लगायतका व्यवसाय प्रवर्द्धनका लागि आवश्यक रकम व्यवस्था ।
- एक निर्वाचन क्षेत्र : एक औद्योगिक कार्यक्रम ।
- सङ्घ सरकारसँगको समन्वयमा दाङको लक्ष्मीपुरमा उद्योग स्थापनाका लागि प्रोत्साहन ।
- भू-संरक्षण तथा वन क्षेत्रमा समूह, समुदाय तथा सरकारी सहकार्यद्वारा बाँस, निगालो, अम्रिसो रोपणमा प्रोत्साहन ।
- ३८ वटा स्थानीय तहमा 'एक स्थानीय तह : एक नमुना कृषि विकास' कार्यक्रम

## ६. रणनीतिक तत्त्वहरू

अघिल्ला परिच्छेदहरूमा व्याख्या र विश्लेषण गरिएका विभिन्न अध्ययन, प्रतिवेदन आदि तथ्यहरूको आधारमा यस उपमहानगरपालिकाको आर्थिक विकासका रणनीतिक मार्गचित्र प्रस्तुत गरिएको छ । जसअन्तर्गत १२ वटा महत्त्वपूर्ण रणनीतिक तत्त्वहरू र तत्-तत् रणनीतिक विषयहरूलाई सम्बोधन गर्न के कस्ता कार्य गर्नुपर्दछ भनी निम्नानुसार प्रस्तुत गरिएको छ । सोही अनुरूप आर्थिक विकासका लागि पाँचवटा प्रमुख क्षेत्रहरू पहिचान गरिएको छ ।

### ६.१. स्थानीय आर्थिक विकासका लागि दूरदृष्टि/परिकल्पना, ध्येय तथा लक्ष्यहरू :

*स्थानीय आर्थिक विकासको लागि रणनीतिक प्रारूप*



नगरपालिका र स्थानीय सरोकारवालाहरूसँगको परामर्शमा आर्थिक विकास रणनीतिको दूरदृष्टिकोण, ध्येय तथा लक्ष्यहरू तर्जुमा गरिएको छ । यस किसिमको रणनीतिले भविष्यमा अपेक्षा गरिने नगरपालिकाको आर्थिक विकासको अनिवार्यता प्रकट गर्दछ । आगामी २० वर्षका लागि ध्यान दिँदै तयार गरिएको यस रणनीतिको दूरदृष्टि, ध्येय एवम् लक्ष्य यस प्रकार रहेको छ ।

**दूरदृष्टि/परिकल्पना :** 'उद्योग, वाणिज्य, कृषि, पयर्टन र सहकारीको दिगो विकासको माध्यमबाट स्थानीय स्रोतसाधन, गतिशील उद्यमशीलतामा आधारित, प्रतिस्पर्धी, समावेशी, सन्तुलित र समतामूलक आर्थिक विकाससहितको समृद्ध घोराही र सुखी नागरिक हुने छन् ।'

**ध्येय :** योजनाबद्ध दिगो आर्थिक विकासका गतिविधिहरूद्वारा नगरबासीहरूको सम्मानित एवम् उच्च सामाजिक आर्थिक रूपान्तरण भएको हुनेछ ।

**लक्ष्य :**

- स्थानीय स्रोतको उपयोग गरी रोजगारीका अवसरहरू सिर्जना गरेर सहरको आर्थिक वृद्धि हासिल गर्नु ।
- व्यावसायिक वातावरण अनुकूल समयसापेक्ष नीतिगत सुधार एवम् सुशासनको प्रत्याभूति गर्ने ।
- कृषि एवम् औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- उच्च गुणस्तरीय पूर्वाधारको विकास, विस्तार र आर्थिक गतिविधिसँग जोड्ने ।
- प्राकृतिक स्रोतको संरक्षण र समुचित परिचालन गर्ने ।
- निजी एवम् सहकारी क्षेत्रको लगानी र सहकार्यलाई प्रवर्द्धन गर्ने ।
- प्राविधिक एवम् व्यावसायिक शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।
- शैक्षिक एवम् स्वास्थ्य क्षेत्रको केन्द्र निर्माण गर्ने ।
- आन्तरिक एवम् बाह्य पर्यटनको विकास र विस्तार गर्ने ।
- मानव खुसी प्रवर्द्धन सम्बन्धित कार्यक्रम (जस्तै : योग केन्द्रको स्थापना, पार्क, विश्रामस्थल, सडक वरपर हरियाली, खानेपानीको राम्रो व्यवस्था) गर्ने ।
- आवश्यक आर्थिक क्रियाकलाप र सेवाहरू प्रदान गर्न पर्याप्त बजेट र दक्ष जनशक्ति व्यवस्था गर्ने ।
- प्राकृतिक पर्यावरण र वातावरण संरक्षण प्रवर्द्धन गर्ने ।

## ७. गम्भीर अनिश्चितता र भविष्यको परिदृश्यहरू

रणनीतिको वास्तविक सफलता यसको कार्यान्वयन र यससँग सम्बद्ध पक्षहरूको प्रतिबद्धता, अपनत्व र निरन्तरको अनुगमन र सम्परीक्षणबाट प्राप्त हुन जान्छ । यस सन्दर्भमा निम्न विषयहरूको सुनिश्चिततामा यस आर्थिक विकास रणनीतिले साकार रूप लिन सक्दछ भने यसको अभावमा यस रणनीति केवल एक कागजी दस्तावेजका रूपमा रहन जान्छ । तसर्थ यस रणनीतिको सफल कार्यान्वयनका लागि निम्न अवस्थाहरू हुनु पर्ने सुझाव दिइएको थियो ।

- सबल र सक्षम बनाउने वातावरण (Enabling Environment) ।
- रणनीति अनुसार पालिकाको आवधिक एवम् वार्षिक नीति तथा कार्यक्रमहरू बनाउने ।
- आवश्यक बजेटको प्रबन्ध ।
- समन्वय संयन्त्र र समन्वयात्मक प्रयासहरू ।
- यथेष्ट मानव संसाधनको व्यवस्था ।
- कृषक एवम् निजी क्षेत्रको संलग्नता र सहभागिता ।
- सरोकारवालाहरूको प्रतिबद्धता र अपनत्व ।
- स्थानीय तहसँग सहकार्यको सुनिश्चितता ।
- तथ्याङ्क प्रणाली व्यवस्थापन र प्रयोग ।
- चुस्त सुपरिवेक्षण एवम् नियमित अनुगमन प्रणाली ।

यस सन्दर्भमा नगरपालिकाको उच्च नेतृत्व लगायत अन्य सरोकारवालाहरूसँग बसी यस नगरपालिकाको भविष्यका चार विविध परिदृश्यहरूमा विस्तृत विवेचना गरियो । जुन यस प्रकार रहेको छ :

परिदृश्य १ - गैरजिम्मेवार राजनीतिक दलहरू र प्रभावकारी रणनीतिक परियोजनाहरू : 'उज्यालो चाँदीको रेखा, कालो बादल'

परिदृश्य २ - गैरजिम्मेवार राजनीतिक दलहरू र प्रभावहीन परियोजना योजनाहरू : 'अराजक घोराही, अनियन्त्रित नेताहरू'

परिदृश्य ३ - जिम्मेवार राजनीतिक दल र रणनीतिक महत्वका प्रभावकारी योजनाहरू : 'समृद्ध घोराही, सुखी नागरिक (दङाली)'

परिदृश्य ४ - जिम्मेवार राजनीतिक दल र अप्रभावी आर्थिक विकास परियोजना योजनाहरू : 'असफल योजना-अपूरा वाचा'

### ७.१ वान्छनीय परिदृश्य

समूह कार्य र छलफलद्वारा वान्छनीय परिदृश्यका रूपमा परिदृश्य ३ तय भई यसका बिविध आयाममाथि छलफल भएको थियो ।

## ८. वान्छित भविष्यको परिदृश्यका लागि क्रियाकलाप एवम् कार्यक्रमहरू

अध्याय ६ मा आर्थिक विकास रणनीतिको दूरदृष्टि, ध्येय एवम् लक्ष्यहरू के कस्तो हुने हुनेछन् भनी उल्लेख गरिएको छ भने अध्याय ७ मा भविष्यका असल एवम् खराब परिदृश्यहरू के कस्तो हुन् सक्नेछन् भनी विवेचना गरियो । त्यसै गरी वान्छनीय परिदृश्य :

**परिदृश्य ३** अनुसार जिम्मेवार राजनीतिक दल र रणनीतिक महत्त्वका प्रभावकारी योजनाहरू : समृद्ध घोराही, सुखी नागरिक (दङाली) कस्तो हुनेछ भनी थप विश्लेषण पनि गरियो ।

तलको तालिकामा सो वान्छित भविष्यको परिदृश्य पूरा गर्नका लागि निम्न क्रियाकलापहरू प्रस्तुत गरिएको छ :

### ८.१ आर्थिक विकासका क्षेत्रहरू एवम् क्रियाकलापहरू :

विविध चरणमा गरिएका छलफल, अन्तर्क्रिया, गोष्ठी एवम् विभिन्न अध्ययन प्रतिवेदनका आधारमा तय गरिएका घोराही उपमहानगरपालिकाको आर्थिक विकासका रणनीतिक क्षेत्रहरू र भविष्य–उन्मुख क्रियाकलापहरू तय गरिएका छन् जुन तल तालिका नं ४ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं ४ : आर्थिक विकासका क्षेत्रहरू एवम् क्रियाकलापहरू :*

| आर्थिक विकासका रणनीतिका क्षेत्रहरू | भविष्य–उन्मुख क्रियाकलापहरू | जिम्मेवारी | |
|---|---|---|---|
| १. कृषि विकास | | प्रमुख | सहयोग |
| १.१ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय आर्थिक वृद्धिदर बढाउने | खाद्यान्न बाली :<br>- खाद्यान्न उत्पादन र उत्पादकत्व अवस्थाको अध्ययनमार्फत स्थितिपत्र तयार गरी हरेक बालीको उत्पादन र उत्पादकत्व बढाउने कार्ययोजना तयार गर्ने<br>- छनोट गरिएका खाद्यान्न बालीको बिउ उत्पादन केन्द्रको रूपमा विकास गरी बृहत्तर मूल्य शृङ्खलामा आबद्ध गर्ने<br>- असल कृषि अभ्यास र प्राङ्गारिक कृषि प्रणाली प्रवर्द्धन र प्रसार गर्न मद्दत गर्ने<br>तरकारी, फलफूल, बागवानी तथा मसला बाली :<br>- तरकारी उत्पादनमा आत्मनिर्भर हुँदै निर्यातमुखी उत्पादन अभिवृद्धि गर्ने<br>- जलवायु र आवहवा अनुकूलका विविध फलफूल तथा बागवानीको व्यावसायिक उत्पादन वृद्धि गर्ने<br>- मूल्य शृङ्खलामा आधारित फलफूल प्रशोधन व्यवसायलाई प्रवर्द्धन गर्ने<br>- व्यावसायिक पुष्प खेती प्रवर्द्धन गर्दै अन्तरजिल्ला एवम् अन्तरप्रदेश निर्यात गर्ने<br>- मसला बालीहरूको (अदुवा, प्याज, धनियाँ, जिरा, खुर्सानी) उत्पादन वृद्धि गर्दै स्थानीय एवम् अन्य जिल्लाहरूको उत्पादनको सङ्कलन केन्द्रका रूपमा विकास गर्ने<br>- अति विशिष्ट प्रकारका घरबारी/बगैँचा निर्माणका कार्यक्रम सञ्चालन गर्ने | नगरपालिका | कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र |

| | | | |
|---|---|---|---|
| | पशुपालन :<br>- गाई एवम् भैँसी पालनलाई नाफामूलक व्यवसाय बनाउन मद्दत गर्दै उत्पादन प्रणालीलाई उच्च मूल्य शृङ्खलामा जोड्ने<br>- बाख्रापालनलाई व्यवस्थित र व्यावसायिक बनाउन उत्पादक कृषकहरूलाई मूल्य शृङ्खलामा आबद्ध गर्ने<br>- पशुनश्ल सुधारका कार्यहरू सम्बन्धित निकायहरूको समन्वयमा निरन्तर गर्ने<br>- मासु व्यवसायलाई मापदण्ड बमोजिम व्यवस्थित गर्न वधशाला स्थापना एवम् मासुपसल सुधार गर्ने<br>पक्षी :<br>- व्यावसायिक कुखुरापालनसँग मूलभूत रूपमा जोडिएका सबै क्षेत्रहरू जस्तै : मासु, अन्डा, चल्ला उत्पादन, दाना उत्पादनलाई प्रवर्द्धन गर्दै अन्तरजिल्ला र प्रदेशमा निर्यात गर्ने<br>- कालिज, बट्टाई आदि जस्ता पक्षीपालनलाई व्यावसायिक उत्पादनमा जोड दिने<br>माछा :<br>- माछा उत्पादनलाई सम्भावित सबै वडाहरूमा विकास गर्दै माछामा आत्मनिर्भर बन्ने<br>मौरी :<br>- विभिन्न बाली एवम् वनस्पतिमा आधारित मह उत्पादनलाई विशिष्टीकृत व्यवसाय बनाउँदै निर्यात मूल्य शृङ्खलासँग जोड्ने | | |
| १.२ नीतिगत व्यवस्था एवम् सुधार | - लोपोन्मुख बालीहरूको संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन वृद्धितर्फ ध्यान दिनुका साथै तुलनात्मक लाभका वस्तुहरूको पहिचान गर्ने<br>- दाङको पहिचान झल्काउने खालका वस्तु एवम् तुलनात्मक लाभका वस्तुहरूको उत्पादकत्व वृद्धिका लागि यान्त्रीकरण र उन्नत प्रविधि अवलम्बन गर्ने<br>- कृषिको व्यावसायिकीकरणमा लगानी वृद्धि गर्न सार्वजनिक, निजी, सहकारी एवम् व्यवसाय-व्यवसाय, किसान-व्यवसायीबीच सहयोग एवम् समन्वय अभिवृद्धि गर्ने<br>- व्यावसायिक सेवाप्रदायक संस्थाहरूका लागि संस्थागत एवम् क्षमता विकासमा सहयोग गर्ने<br>- वैज्ञानिक भू-उपयोग नीति अवलम्बन गर्दै अनियन्त्रित हुँदै गइरहेको कृषियोग्य जमिनको भूखण्डीकरणलाई नियन्त्रण गर्ने र दिगो भूव्यवस्थापन प्रणालीको विकास र विस्तार गर्ने | नगरपालिका | नगरपालिका, प्रदेश कृषि मन्त्रालय एवम् जिल्लास्थित सम्बन्धित कार्यालयहरू |
| १.३ कृषि बजार एवम् प्रसार सेवा | - बजार पूर्वाधार, कृषि एवम् पशु हाटबजार, कृषि उपज सङ्कलन केन्द्र स्थापना, ढुवानी व्यस्थापन र आधुनिक पूर्वाधारको व्यवस्था गर्ने<br>- माटो, रोग आदि परीक्षणका लागि आवश्यक प्रयोगशालाको व्यवस्था गरी आवश्यक सुधारका सेवाहरू प्रदान गर्ने<br>- मौसम तथा बेमौसममा हुने कृषिको अधिक उत्पादनलाई खेर जान नदिन तथा घरायसी खाद्य सुरक्षा र पोषणलाई मद्दत गर्न खाद्य संरक्षणसँग सम्बन्धित क्रियाकलापहरू (जस्तै : सौर्य ऊर्जामा सुकाउने प्रविधि) सञ्चालन गर्ने<br>- कृषि - कृषक र व्यवसायबीच संवाद र चेतना वृद्धि गरी उत्पादन एवम् बजार वृद्धि गर्न समन्वयात्मक कनेक्टिभिटी बढाउने<br>- कृषि एवम् पशुपक्षी बिमा पूर्ण रूपमा लागु गर्ने | | नगरपालिका, प्रदेश कृषि मन्त्रालय |

| | | | |
|---|---|---|---|
| १.४ योजना, तथ्याङ्क व्यवस्थापन एवम् मूल्याङ्कन प्रणाली | - कृषि योजना तर्जुमालाई तथ्यमा आधारित बनाउन वैज्ञानिक तथ्याङ्क प्रणालीको स्थापना गरी लागु गर्ने<br>- हरेक वर्ष रणनीति कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गर्ने र सो मुताविक कार्यक्रमहरूको सुधार एवम् परिमार्जन गर्ने | नगरपालिका | |
| १.५ अन्य | - सार्वजनिक, निजी, सहकारी एवम् कृषक समूहको संयुक्त लगानीमा प्राङ्गारिक मल उत्पादन कारखानाको स्थापना र सञ्चालन गर्ने | नगरपालिका, वन तथा वातावरण हेर्ने प्रदेश मन्त्रालय नगरपालिका | कृषि मन्त्रालय |
| २. औद्योगिक क्षेत्रको स्थापना, साना उद्योग र उद्यमशीलताको विकास र विस्तार | - घोराही ३ र ५ लाई समेटी निर्णय गरिएको औद्योगिक क्षेत्र निर्माण कार्य सञ्चालन गर्ने<br>- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना, विविधीकरण एवम् रूपान्तरणलाई प्राथमिकताका साथ लागु गर्ने<br>- औद्योगिक लगानी प्रवर्द्धन गर्न लगानीकर्ताहरूको निरन्तर संवाद, सम्मेलन र सहकार्यको कार्यक्रम गर्न निजी एवम् वित्तीय क्षेत्रसँग सहकार्य गर्ने<br>- औद्योगिक एवम् व्यावसायिक अवसर देखिएका क्षेत्रहरूको पहिचान गर्दै सोको विस्तृत सम्भाव्यता अध्ययन गरी लगानी आह्वानका लागि आवश्यक कार्यक्रमहरू तर्जुमा गर्ने<br>- सम्भावित साना तथा मझौला उद्योग एवम् व्यवसायहरूको डाटा बैङ्क स्थापना गरी सम्भावित उद्यमी व्यवसायीहरूलाई लगानी अवसरको विचारका लागि आह्वान गर्ने<br>- साना उद्यमलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने<br>- जलाशयमा आधारित ४३ वटा दुग्ध उत्पादन व्यवसाय सञ्चालन गर्ने<br>- कृषि एवम् गैरकृषि क्षेत्रलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने व्यवसाय परामर्श, समन्वय, बजार प्रवर्द्धन एवम् सूचना प्रणालीलाई उद्यम विकास केन्द्र स्थापना गरी सेवाग्राहीलाई एकीकृत सेवा प्रदान एवम् क्षमता विकास गर्ने<br>- स्थानीय उद्योग एवम् व्यवसायीहरूलाई प्रत्यक्ष सेवा प्रदान गर्न निजी एवम् सहकारी सेवा प्रदायक संस्थाहरूलाई परिचालन गर्ने<br>- निजी क्षेत्रले सञ्चालन गर्ने उद्योग, व्यापार, कृषि एवम् पर्यटन विकासको लागि गरिने मेला, महोत्सवहरूको व्यवस्थापन र सहभागिताका लागि आवश्यक सहयोग गर्ने<br>- व्यापार एवम् उद्योग प्रवर्द्धनका लागि स्वदेश एवम् विदेशमा आयोजना हुने व्यापार एवम् प्रौद्योगिकी मेलाहरूमा निरन्तर सहभागिता हुन सहयोग गर्ने<br>- ४३ वटा व्यावसायिक घाँस उत्पादन व्यवसाय सञ्चालन गर्ने<br>- ४३ वटा जलाशयमा सहकारी/लिजमार्फत माछापालन सञ्चालन गर्ने<br>- पूर्ण प्याकेजसहितको इन्कुबेसन प्रणाली अवलम्बन गरी नवप्रवर्तनमा आधारित उद्यमशीलताको विकासका माध्यमद्वारा युवा, महिलालाई औद्योगिक व्यवसायतर्फ उन्मुख गराउने<br>- उत्पादित बस्तुहरूको बजारको सुनिश्चितता प्रदान गर्ने<br>- हरेक औद्योगिक प्रतिष्ठानहरूको वातावरण प्रभाव मूल्याङ्कन अनिवार्य गरी वातावरण सन्तुलनका लागि सुझाइएका विषय अनिवार्य सर्तका रूपमा लागु गर्ने | नगरपालिका | माथिको जस्तै |

| | | | |
|---|---|---|---|
| ३. पर्यटन पूर्वाधार विकास र प्रचार प्रसार गर्ने | १. पर्यटकीय क्षेत्रको पहिचान र प्रवर्द्धनात्मक कार्यक्रम बनाई लागु गर्ने<br>२. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवम् जातीय पहिचानका सङ्ग्रहालय स्थापना गरी अनुसन्धान एवम् अवलोकनका लागि सञ्चालन गर्ने<br>३. स्थानीय कला, संस्कृति र खानाको प्रवर्द्धनका लागि विभिन्न प्रदर्शनीहरूको आयोजन र स्थानीय होटलहरूसँग समन्वय गरी कार्यक्रमहरू बनाई लागु गर्ने<br>४. पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनका लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रको साझेदारी गर्ने<br>५. कुहिरेपानीदेखि अर्जुनखोलासम्मको पहाडी भू-भागलाई समेटी पर्यटकीय क्षेत्र बनाउने | नगरपालिका, | प्रदेश मन्त्रालय, नेपाल पर्यटन बोर्ड |
| ४. प्राविधिक एवम् प्राज्ञिक शिक्षा, स्वास्थ्य क्षेत्रको केन्द्र ('हब') निर्माण गर्ने | १. नीतिगत व्यवस्था गरी शैक्षिक एवम् स्वास्थ्य प्रतिष्ठान स्थापना गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गर्ने<br>२. निजी क्षेत्रलाई लगानीका निम्ति विविध कार्यक्रमहरू सञ्चालन गर्ने<br>३. स्थानीय स्तरका लागि आवश्यक पर्ने औद्योगिक एवम् व्यावसायिक जनशक्तिको नक्साङ्कन गरी कार्यक्रम तर्जुमा गर्ने<br>४. प्राविधिक शिक्षण प्रतिष्ठानहरूसँग समन्वय गरी प्राविधिक जनशक्ति (मानव संसाधन) तयार गर्ने<br>५. सार्वजनिक स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिष्ठानहरूलाई प्रतिस्पर्धी बनाउँदै नगरभित्रका नागरिकहरूको शिक्षा एवम् स्वास्थ्य पूर्ण निःशुल्क बनाउने | नगरपालिका | बैंक, वित्तीय संस्थाहरू, राष्ट्रिय लगानी बोर्ड, संघिय सरकार, प्रदेश सरकार |
| ५. प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग (वन, जल, जमिन) | १. उच्च गुणस्तरीय सडक सञ्जाल विस्तार र पहुँचमा वृद्धि गर्ने<br>२. सिँचाइ नहर, कुलो, जलाशय निर्माण मर्मत सम्भार र पहुँचमा वृद्धि गर्ने<br>३. अन्तर जिल्ला पहुँचका लागि सर्वसुलभ हवाई मार्ग तथा सडक निर्माण गर्ने<br>४. सहरी स्वच्छता एवम् सभ्यताका लागि उचित ढल निकासको प्रबन्ध गर्ने | नगरपालिका | |
| ६. प्राकृतिक श्रोत साधनको अधिकतम उपयोग (वन, जल जमिन) | - गैरकाष्ठ वन पैदावारमा आधारित व्यवसायहरू जस्तै : टिमुर, बाँस, टुसा, जडीबुटी आदिलाई प्रवर्द्धन गर्न मूल्य शृङ्खला विकास कार्य योजना बनाई लागु गर्ने<br>- वनमा आधारित उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने<br>- नदी तथा खोलाहरूलाई सिँचाइमा अधिकतम उपभोग गर्ने<br>- कृषियोग्य जमिनको निर्धारण गरी कृषि उत्पादन वृद्धि गर्ने<br>- हिउँदमा सुक्खा भई वनजन्य उत्पादनमा ह्रास आउने बबई दक्षिणका सार्वजनिक एवम् सामुदायिक वन लिफटिङ तथा थोपा सिँचाइ प्रवर्द्धन गरी बहुउपयोगी वृक्षरोपण गर्ने<br>- ठाडाखोला एवम् बबई नदी समेतको व्यवस्थित तटबन्ध गरी दुवैतर्फ सडक निर्माण र सञ्चित जमिनलाई उत्पादन कार्यमा प्रयोग गर्ने<br>- प्राकृतिक स्रोतको निरन्तर उपयोग र दिगोपनाका लागि स्रोत संरक्षण एवम् पुनःपूर्तिका लागि दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याउने | नगरपालिका | जिल्ला वन कार्यालय, भू तथा जलाधार संरक्षण कार्यालय |
| ७. जलवायु परिवर्तन अनुकूलन योजना र प्राकृतिक विपद् व्यवस्थापन गर्ने | १. स्थानीय अनुकूलन कार्ययोजनाको (lapa) अल्पकालीन र दीर्घकालीन रणनीति तयार गरी लागू गर्ने<br>२. नयाँ संरचना निर्माण र औद्योगिक व्यवसाय स्थापना गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य सर्तका रूपमा लागु गर्ने<br>३. जलाशय वरिपरि क्लाइमेट स्मार्ट भिलेज प्रवर्द्धन गर्ने<br>४. जोखिमयुक्त क्षेत्रहरू पहिचान गरी प्राकृतिक विपद्लाई न्यूनीकरण गर्ने<br>५. जलवायु तथा विपद् व्यवस्थापनमा पूर्व सूचना प्रविधि प्रणाली अवलम्बन गर्ने<br>६. सफा, सुन्दर सहरको अवधारणा र अभियानसँगै सहरी हरियाली प्रवर्द्धन गर्न सहरी वन, हरित बेल्ट बनाई सो लाई आयआर्जन वृद्धिसँग जोड्ने<br>७. वृक्षरोपण कार्यलाई निरन्तरता दिने | नगरपालिका | प्रदेश सरकार, सङ्घीय सरकार, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| ८. सामाजिक समावेशी र लैङ्गिक समता प्रवर्द्धन गर्ने | १. हरेक आर्थिक गतिविधिमा सामाजिक समावेशितालाई सुनिश्चितता गर्ने<br>२. आर्थिक आयआर्जन तथा सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने<br>३. गरिब घरपरिवार, युवा, महिला सशक्तीकरण, वित्तीय साक्षरता, सामाजिक सचेतना तथा क्षमता अभिवृद्धि गर्ने | नगरपालिका | |
| ९. वित्तीय तथा सहकारी संस्थाहरूको लगानी वृद्धि गर्ने | - कृषि सहकारी तथा कृषि समूहमार्फत ४३ वटा जलाशयका कमान्ड क्षेत्रमा कम्तीमा ४३ वटै तरकारी फर्म सञ्चालन गर्ने ।<br>- नतिजामा आधारित कृषि उत्पादनलाई सहुलियत दरमा ब्याज प्रदान गर्ने<br>- परियोजनामा आधारित कर्जा प्रवाह गरी लगानी प्रवर्द्धन गर्ने<br>- कृषि, पशु, वन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न समूह, सहकारी एवम् कम्पनीको प्रवर्द्धनका लागि विशेष योजना सञ्चालन गर्ने | नगरपालिका | बैङ्क वित्तीय संथाहरू, बिमा कम्पनीहरू, लगानी बोर्ड, प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरू |
| १०. सार्वजनिक निजी क्षेत्र साझेदारीमार्फत लगानी प्रवर्द्धन भविष्य–उन्मुख क्रियाकलापहरू | - पालिकास्तरीय कार्यशाला गोष्ठीमार्फत लगानी क्षेत्रहरूमा सामूहिक प्रतिबद्धता खोज्ने<br>- हरेक पाँच वर्षमा लगानी प्रवर्द्धन सम्मेलन आयोजन गर्ने<br>- उद्योग एबम व्यवसायको सम्भाव्यता अध्ययन गरी लगानीयोग्य परियोजनाको डाटा बैङ्क स्थापना गर्ने | नगरपालिका | माथिको जस्तै |
| ११. अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक दायरामा ल्याउने भविष्य–उन्मुख क्रियाकलापहरू | - अनौपचारिक आर्थिक क्रियाकलापलाई अभियान सञ्चालन गरी औपचारिक दायरामा ल्याउने<br>- दर्ता प्रक्रियालाई सहजीकरण गर्ने<br>- व्यवसाय शुल्कलाई न्यूनतम गर्दै सबै व्यवसायलाई नगरपालिकाको अभिलेखमा सूचीकृत गर्ने<br>- व्यावसायिक क्षेत्रलाई सम्मानित बनाउँदै स्वरोजगार हरेक नागरिकको पहिलो रोजाइ हुने उद्यमशील व्यावसायिक वातावरण सिर्जना गर्ने<br>- आर्थिक क्षेत्रका प्रतिष्ठानहरूको सेवा, कारोबार, सम्पर्क आदि लाई चुस्त, दुरुस्त, पारदर्शी एवम् प्रभावकारी बनाउन डिजिटाइजेसन (Digitization) गर्न मद्दत गर्ने | नगरपालिका | कर शाखा मार्फत |
| १२. प्रभावकारी नीति नियम तर्जुमा र सुशासनको प्रत्याभूति | - व्यावसायिक वातावरण अनुकूल सहजीकरण गर्ने हुने ऐन, कानुन र कार्यविधि निर्देशिका तयार गरी लागु गर्ने<br>- विश्वसनीय नीतिको प्रत्याभूति गर्ने<br>- आर्थिक विकाससँग सम्बन्धित नीतिको निरन्तर समीक्षा र पुनरावलोकन गर्ने<br>- उल्लिखित कार्यक्रमहरूलाई सफलतापूर्वक सञ्चालन गर्न प्राथमिकताका आधारमा वार्षिक क्यालेन्डर बनाएर सञ्चालन गर्ने<br>- यस रणनीतिलाई प्रभावकारी र समन्वयात्मक ढङ्गले लागु गर्नका लागि उपमहानगरपालिकाभित्र एक प्रभावकारी संयन्त्र बनाई कार्यक्रमहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र सिकाइको सुनिश्चितता गर्ने | | नगरपालिका |

## ८.२ आर्थिक क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू

माथि परिच्छेद ६ र ७ अन्तर्गत उल्लेख गरिएका रणनीतिक पक्षहरूलाई पूरा गर्ने सिलसिलामा नगरपालिकाले माथि ८.१ मा उल्लिखित क्रियाकलापहरू निम्नानुसारका प्रमुख कार्यक्रमहरू आवधिक योजना हुँदै वार्षिक नीति तथा कार्यक्रममार्फत सञ्चालन गरिने प्रस्ताव गरिएको छ ।
तल उल्लेख गरिएका विषयहरू PACA Report मा पनि समावेश गरिएका छन् ।

**क. कृषि**

१. अन्न बाली संरक्षण एवम् बिउबिजन उत्पादन कार्यक्रम
२. फलफूल उत्पादन एवम् बजारीकरण कार्यक्रम
३. तरकारी प्रवर्द्धन विशेष कार्यक्रम
४. व्यावसायिक कुखुरापालन एवम् बदिया कुखुरा व्यवसाय प्रवर्द्धन कार्यक्रम
५. दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम
६. बाख्रापालन प्रर्द्धन कार्यक्रम (मूल्य शृङ्खला विश्लेषणमा आधारित)
७. बिउबिजन घाँस एवम् पशु बस्तु स्रोत केन्द्र प्रवर्द्धन कार्यक्रम
८. विषयविज्ञ घुम्ती टोली परिचालन कार्यक्रम
९. हाट बजार विस्तार एवम् आधुनिकीकरण कार्यक्रम

**ख. उद्योग एवम् व्यापार**

१. कृषि प्रशोधन एवम् उद्योग व्यवसाय प्रोजेक्ट बैङ्क एवम् सूचना सम्प्रेषण कार्यक्रम
२. इन्कुबेसन केन्द्र तथा युवा उद्यमशीलता कार्यक्रम
३. स्थानीय अन्वेषण एवम् अनुसन्धान सहयोग कोष कार्यक्रम
४. लगानी प्रवर्द्धन कार्यक्रम
५. व्यावसायिक परामर्श सेवा प्रदान कार्यक्रम

**ग. पर्यटन**

१. पर्यटन प्रवर्द्धन कार्यक्रम
२. ताल-तलाउ विकास एवम् संरक्षण कार्यक्रम
३. थारू संस्कृति एवम् सङ्ग्रहालय सञ्चालन कार्यक्रम

**घ. शिक्षा, स्वास्थ्य**

१. शैक्षिक क्षेत्र विकास विशेष कार्यक्रम
२. स्वास्थ्य क्षेत्र प्रवर्द्धन तथा पहुँच कार्यक्रम

**ङ. योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन एवम् सिकाइ**

१. रणनीति समन्वय एवम् योजना तर्जुमा कार्यक्रम
२. प्रभावकारी अनुगमन संयन्त्र र परिचालन कार्यक्रम

# ९. कार्यान्वयन संयन्त्र

## ९.१ सरोकारवालाहरूको जिम्मेवारी र कार्यान्वयन संरचना

स्थानीय आर्थिक विकासका रणनीतिको कार्यान्वयनका क्रममा नीतिगत विश्लेषण र तर्जुमा, नियमन अनुगमन तथा समन्वय कार्ययोजना र सूचकको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न सरोकारवालाहरूबीच समन्वयको त्यत्तिकै जरूरत पर्दछ। सरकारी, निजी तथा सहकारीको साझेदारी अवधारणा अनुरूप अन्य सरोकारवाला निकायहरूसमेत समेटिने गरी स्थानीय तहहरूमा निम्नानुसारका संस्थागत संरचनाहरू तयार गर्नुपर्ने हुन्छ।

स्थानीय स्तरका सरोकारवालाहरूको सहभागिता रहने गरी नगरपालिकाको प्रमुखको अध्यक्षतामा एक रणनीति कार्यान्वयन समिति रहनेछ। प्रस्तावित संरचना तालिका नं ४ मा प्रस्तुत गरिएको छ।

*तालिका नं ५ : आर्थिक विकास रणनीति कार्यन्वयन समिति*

| क्र. सं. | पद | संस्था |
|---|---|---|
| १ | अध्यक्ष | प्रमुख, उपमहानगरपलिका |
| २ | उपाध्यक्ष | उपप्रमुख, उपमहानगरपालिका |
| ३ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सदस्य | कार्यपालिका सदस्यहरू |
| ५ | सदस्य | अधिकृत, कृषि शाखा |
| ६ | सदस्य | अधिकृत, उद्योग शाखा |
| ७ | सदस्य | अधिकृत, योजना अनुगमन तथा मूल्याङ्कन शाखा |
| ८ | सदस्य | वातावरण शाखा |
| ९ | सदस्य | गैरसरकारी संस्था, प्रतिनिधि |
| १० | सदस्य | उद्योग वाणिज्य सङ्घ, प्रतिनिधि |
| ११ | सदस्य | विषयगत व्यापार सङ्घ – २ |
| १२ | सदस्य | जिल्ला सहकारी सङ्घ – प्रतिनिधि |
| १३ | सदस्य | आवश्यकता अनुसार विषयविज्ञ – २ |
| १४ | सदस्य | लब्धप्रतिष्ठित व्यक्ति, महिला, दलित, जनजाति – ५ |
| १५ | सदस्य | वित्तीय सङ्घसंस्था, प्रतिनिधि |
| १६ | सदस्य सचिव | आर्थिक विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत |

आर्थिक विकासको रणनीति कार्यान्वयनमा निजी र सहकारी क्षेत्रको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुने र लगानी प्रवर्द्धन एवम् विस्तारमा सो क्षेत्रसँग निरन्तर संवाद भइरहँदा नीतिगत एवम् कार्यगत अवस्थाको निरन्तर जानकारी पनि हुने र बाधा अड्चन आदि फुकाउनका लागि के कसरी सम्बोधन हुन जरूरी हुन्छ भन्ने

सुझावहरू प्राप्त हुने गर्दछ । तसर्थ उक्त कार्यलाई समन्वय गर्नका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको संवादका लागि एक उपसमिति हुनु आवश्यक छ, सो उपसमितिको ढाँचा निम्नानुसार प्रस्तुत गरिएको छ :

**आर्थिक विकास रणनीति कार्यान्वयन उप-समिति**

संयोजक : उपप्रमुख – उपमहानगरपालिका
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : आर्थिक विकास समिति, संयोजक
सदस्य : सामाजिक विकास समिति, संयोजक
सदस्य : उद्योग वाणिज्य महासङ्घ/चेम्बर अफ कमर्स – २ जना
सदस्य : सहकारी – २ जना
सदस्य : बैङ्क, वित्तीय संस्था – १
सदस्यसचिव : कृषि/पशु विकास शाखा प्रमुखमध्ये प्रमुख प्रशासकीय अधिकृतबाट तोकिएको अधिकृत – १

यस समितिको काम, कर्तब्य र अधिकार उपमहागरपालिकाले तयार गरी लागु गर्ने छ ।

**ख. रणनीति अनुगमन समिति**

प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा रणनीति अनुगमन समिति रहने छ । अनुगमन समितिको प्रस्तावित संरचना तालिकामा प्रस्तुत गरिएको छ । अनुगमनबाट प्राप्त निरन्तर सिकाइ र पृष्ठपोषणलाई कार्यक्रम र योजना तर्जुमा गर्दा संलग्न गर्ने सन्दर्भमा सम्बन्धित शाखा प्रमुखले सुनिश्चितता दिने हिसाबले एक चेक लिस्ट बनाई के विषयवस्तुहरू समेटिए, के समेटिएनन् भन्ने कुरो कार्यान्वयन समितिको बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाउन जरूरी हुन्छ ।

*तालिका नं ६: अनुगमन समिति*

| क्र.सं. | पद | संस्था |
|---|---|---|
| १ | संयोजक | प्रमुख, उपमहानगरपलिका |
| २ | सदस्य | उपप्रमुख, उपमहानगरपालिका |
| ३ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सदस्य | आर्थिक विकास समिति – संयोजक वा निजले तोकेको सदस्य |
| ५ | सदस्य | आर्थिक विकास शाखा |
| ६ | सदस्य | प्रतिनिधि, सहकारी सङ्घ |
| ७ | सदस्य | प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ |
| ८ | सदस्य | चेम्बर अफ कमर्स |
| ९ | सदस्य | प्रतिनिधि – अन्य व्यावसायिक सङ्घसस्था |
| १० | सदस्य | अर्थ/वाणिज्य/वित्त/कृषि/प्राकृतिक स्रोत विज्ञमध्येबाट २ जना |
| ११ | सदस्य | पत्रकार महासङ्घ – २ |
| १२ | सदस्यसचिव | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा |

अनुगमन समितिको कार्य निम्नानुसार हुनेछ ।

- कार्यक्रमहरूमा लागत सहभागिता गर्ने
- समन्वयात्मक कार्यक्रम तर्जुमा
- सञ्चालित कार्यक्रमको अनुगमन

### ग. वडा समन्वय समिति

वडाका सरोकारवालाहरूको सहभागिता रहने गरी वडाध्यक्षको अध्यक्षतामा जिल्ला एक आर्थिक विकास रणनीति समन्वय समिति रहनेछ ।

### घ. स्थानीय तहको संस्थागत सुदृढीकरण

रणनीतिको कार्ययोजना कार्यान्वयन तथा अनुगमनका लागि स्थानीय स्तरमा संरचनाका साथै तिनीहरूको संस्थागत सुदृढीकरणमा जोड दिनुपर्ने हुन्छ । जुन यसप्रकार छ :

- विषयगत शाखाको जनशक्ति क्षमता अभिवृद्धि
- नियमित अन्तरक्रिया र समन्वयका लागि सञ्जालको व्यवस्था
- उच्च शिक्षाको अवसर सिर्जना

## ९.२ अनुगमन तथा मूल्याङ्कन प्रणाली

माथि उल्लिखित संस्थागत संरचना अन्तर्गत आर्थिक विकास रणनीतिको कार्यान्वयनका क्रममा नीतिगत विश्लेषण र तर्जुमा, नियमन, अनुगमन तथा समन्वय, कार्ययोजना र सूचकको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

*तालिका नं ७ : वार्षिक कार्यक्रम अनुगमन तथा मूल्याङ्कन खाका*

| क्रियाकलापहरू | रणनीतिका परिणाम/नतिजासँग सम्बन्ध | लक्ष्य | | | | भौतिक लक्ष्य अनुसारको प्रगति मापन अङ्क/प्रतिशत | | | | लक्ष्यबाट विचलन हुनुका कारणहरू | सुधारका क्षेत्रहरू | बजेट | | | | वित्तीय प्रगति मापन अङ्क/प्रतिशत | | | | प्रगतिप्राप्ति हुन नसकेका कारणहरू | सुधारका क्षेत्रहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो चौमासिक | कुल जम्मा | प्रथम | दोस्रो | तेस्रो | कुल जम्मा | | | प्रथम | दोस्रो | तेस्रो | कुल जम्मा | दोस्रो | तेस्रो | कुल जम्मा | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

## ९.३ रणनीति कार्यन्वयनका लागि सम्भावित बजेटको व्यवस्था र स्रोत :

**नगरपालिकामा योजना र बजेट प्रक्रिया, अभ्यास र उपलब्धिहरू :**

*वार्षिक योजनाः*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले वार्षिक, आवधिक, रणनीतिक र दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रत्येक योजना सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता क्रस कटिङ मुद्दाहरूलाई एकीकृत गर्ने सङ्घीय र प्रादेशिक सरकारले तोकेको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया अनुरूप हुनुपर्दछ । प्रत्येक तहका सरकारका योजनाहरू अन्तरसम्बन्धित भएकाले स्थानीय तहले आवधिक योजना बनाउँदा राष्ट्रिय र सम्बन्धित प्रदेशको योजनालाई उल्लेख गर्नुपर्ने हुन्छ ।

विषय विशेषज्ञ, अनुभवी व्यक्ति, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, युवा, अल्पसंख्यक, ज्येष्ठ नागरिक र अन्य सम्बन्धित सरोकारवालाहरूलाई कार्यक्रम/योजना तर्जुमा र  कार्यान्वयनमा संलग्न गराउनु पर्नेछ । तिनीहरूले अनुगमन र मूल्याङ्कन योजना संग कार्य योजना र अनुरूप बजेट तयार गर्नुपर्छ। स्थानीय तहले प्राथमिकताका आधारमा स्थानीय तहको सम्भावना, विशिष्टता र अवसरको पहिचान गरी योजना तर्जुमा गर्नुपर्छ । यस सम्बन्धमा राष्ट्रिय योजना आयोगले सात चरणको वार्षिक योजना प्रक्रियाहरू (पहिलेको शासन संयन्त्रको तुलनामा सात चरण कम) तयार गरेको छ जसले प्रत्येक चरणमा के र कसरी कार्यान्वयन गर्नुपर्ने प्रक्रियाहरू वर्णन गर्दछ । यी चरणहरू तालिका ५.५ मा प्रस्तुत गरिएका छन् । सामान्यतया, नगरपालिकाहरूमा योजना प्रक्रियाहरू पूरा गर्न लगभग ५.५ महिना लाग्छ ।

सात चरण योजना प्रक्रियाबाहेक, योजनाको तयारीको लागि ध्यानमा राख्नुपर्ने केही प्रमुख मार्गदर्शक सिद्धान्तहरू निम्नाअनुसार रहेका छन् (बक्स १) ।

**बक्स १ : योजनाको तयारीका लागि मार्गदर्शक सिद्धान्तहरू :**

- **आर्थिक विकास र गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान**
- **उत्पादन उन्मुख र द्रुत फिर्ता क्षमता**
- **रोजगारी सिर्जना र जीवनस्तर वृद्धि**
- **स्थानीय जनताको साझेदारी र लगानी सम्भावना**
- **स्वयम्सेवक परिचालन र लागत प्रभावकारी**
- **स्थानीय स्रोत र सीपको अधिकतम प्रयोग**

स्थानीय शासन ऐनका अनिवार्य प्रावधानका कारण वर्षौंदेखि समग्र नीति निर्माण र योजना प्रक्रियामा महिला सहभागिता बढेको छ र यस अभ्यासले नगरपालिकाका सबै विकास गतिविधिहरूमा लैङ्गिक मूलप्रवाहको नयाँ आयाम दिएको छ । त्यसैगरी नगरपालिकाको समग्र योजना प्रक्रियामा जलवायु संवेदनशीलता अपनाएको पाइएको छ र यी विषयहरूलाई निरन्तरता दिनु जरूरी छ ।

## ९.४ लगानीका स्रोतहरू

माथिका दुईवटा तालिकाहरूमा स्रोतको उल्लेख गरिएको छ जसको विस्तृत विवरण अनुसूची ३ र अध्याय ९ मा पनि गरिएको छ । रणनीति कार्यान्वयनका लागि लगानीका स्रोत निम्नानुसार हुनेछ ।

क. वित्तीय समानीकरण

ख. समपूरक अनुदान

ग. ससर्त अनुदान

घ. विशेष अनुदान

ङ. साझेदारी कार्यक्रम

च. अन्य

## ९.५ सरकारको प्रतिबद्धता

रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार, सरोकारवाला एवम् सम्पूर्ण नगरबासीको अठोट र सक्रिय सहभागिताको जरूरत पर्दछ ।

## ९.६ विकास साझेदारहरूको सहयोग

यस रणनीतिले देखेबमोजिमको नतिजा हासिल गर्न प्रदेश एवम् सङ्घीय सरकार, सरोकारवालाहरूको सहयोग र सद्भाव आवश्यक पर्दछ । त्यसै गरी सहयोग एवम् विकास साझेदारहरूको आर्थिक एवम् प्राविधिक सहयोगको पनि उत्तिकै आवश्यकता पर्दछ । कहाँ कसको कस्तो प्रकारको सहयोग चाहिने हो, सोको एक निर्दिष्ट खाका बनाई सहयोग एवम् विकास साझेदारहरूबाट लिनुपर्ने सहयोगको क्षेत्र छुट्याइने छ ।

## ९.७ जीवित रणनीति

कुनै पनि विकासका सवालहरू, नीति एवम् रणनीतिहरू गतिशील सामाजिक, आर्थिक, राजनीतिक, प्राविधिक, वातावरणीय, कानुनी एवम् विश्व परिस्थितिका उपजहरू हुन । यस तथ्यलाई हृदयङ्गम गरी कुनै पनि रणनीतिलाई समयानुकूल अवलोकन, मूल्याङ्कन एवम् सुधारोन्मुख परिमार्जन गर्दै लैजानुपर्ने हुन्छ । यो प्रादेशिक रणनीतिलाई पनि यी र अन्य परिस्थितिलाई हेरीकन निरन्तर रूपमा थप आवधिक पुनरावलोकन गर्दै लगिने छ । रणनीतिको उपादेयता देखिने गरी प्रदेशका हरेक आवधिक योजनाहरू, नीति तथा कार्यक्रमहरूमा पूर्णरूपमा संलग्न गर्दै लगिनेछ, त्यस अर्थमा यो रणनीति एक जीवन्त आर्थिक विकास रणनीति हुनेछ ।

## अनुसूची १ : सन्दर्भहरूको सूची


१. Budhathoki-Chhetri1, P. Shah, SK; Regmi, M. and Baral, S. (2021): Economic analysis and marketing system of Apis mellifera honey production in Dang, Nepal, Journal of Agriculture and Natural Resources 4 (1) 154-164.

२. Central Bureau of Statistics, GoN, 2078: Preliminary Census – 2070.

३. GIZ (2019). LPED Cooperation Map of Ghorahi Sub-Metropolitan City. Kathmandu, Nepal.

४. GIZ (2019). LPED Entrepreneurial Ecosystem Mapping in Birendranagar, Butwal, Dhangadi, Ghorahi, and Nepalgunj. Local and Economic Development Project (LPED)/GIZ, Kathmandu, Nepal.

५. GIZ (2019). LPED Presentation. Ghorahi, Dang. Local and Economic Development Project (LPED)/GIZ, Kathmandu, Nepal.


ट. घोराही उपमहानगर पालिका प्रोफाइल, २०७७

ठ. डिजिकन इन्जिनियरिङ कन्सल्ट र रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट (जे.भी.), घोराही उप-महानगरपालिकाको एकीकृत शहरी विकास योजना अन्तिम प्रतिवेदन, २०७७) ।

ड. राष्ट्रिय योजना आयोग, २०७८, स्थानीय तहको योजना तर्जुमा दिदर्शन

ढ. घोराही उपमहानगर पालिका बार्षिक प्रतिवेदन २०७८.

## अनुसूची २ - आर्थिक विकास रणनीति तर्जुमाको ढाँचा



## अनुसूची ३: आर्थिक सुशासन र व्यावसायिक वातावरण सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने उपायहरूका पक्षमा विचार मंथन गर्न राखिएका प्रमुख प्रश्नहरू

१. उद्यमहरूको स्थापना, विविधीकरण र रूपान्तरणलाई कसरी प्रोत्साहन गर्न सकिन्छ?

२. कसरी ऋण लगानीको मात्रा र ऋणको आकार वृद्धि गर्न सकिन्छ?

३. सरकारी सेवा प्रावधानको गुणस्तर र भौतिक बजार विस्तारमा लगानीमा कसरी सुधार गर्न सकिन्छ ?

४. उद्यम/व्यवसायमा कसरी लगानी बढाउन सकिन्छ, विशेष गरी दिगोपन र जलवायु अनुकुलनको प्राविधिक क्षेत्रमा र डिजिटलाइजेसनमा?

५. स्थानीय अनुकूलन कार्य योजना (LAPA) को तयारी र कार्यान्वयन सुरू गर्न कस्तो संस्थागत संयन्त्र र समन्वयको आवश्यकता पर्दछ ?

*तालिका नं ८ : व्यावसायिक वातावरणका कमजोर पक्ष र सुधारका लागि प्रस्तुत बिषयहरूः*

| कमजोरी | सिफारिस गरिएका बिषयहरू |
|---|---|
| स्थापित उद्यम सङ्ख्याको कम र न्यून व्यावसायिक लगानी | - उद्यम निर्माण र स्टार्ट-अप प्रवर्द्धनका लागि नियमित रूपमा संवेदनशीलता कार्यक्रमहरू सञ्चालन गर्ने र चेतना जगाउने<br>- उद्यम सहयोग संयन्त्र बनाउने र त्यसका लागि स्थानीय सरकारको बजेट व्यवसाय सिर्जनाको क्षेत्रमा बढाउने<br>- स्थानीय बैङ्कहरूसँग सुलभ ब्याज दरका लागि वार्ता गर्ने<br>- नगरपालिकामा लगानी प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा लगानी मञ्च सञ्चालन गर्ने<br>- सम्भाव्य व्यवसायहरूको डाटाबैङ्क स्थापित गर्ने र सो इच्छुक व्यक्तिहरूलाई व्यावसायिक सोच निर्माण गर्न प्रदान गर्ने |
| ऋण लगानीको कम मात्रा र आकार | - स्थानीय व्यापार र लगानी अवसरहरूमा एएत्रम् को भूमिका बढाउने<br>- केही निश्चित व्यावसायिक क्षेत्र एवम् उद्यमहरूको लागि अस्थायी रूपमा ब्याज रमा छुट गर्न स्थानीय बैङ्कहरूसँग संवाद गर्ने<br>- ऋण लगानीका क्षेत्र र कर्जा प्रवाहका सर्तहरूका सम्बन्धमा बैङ्कहरूद्वारा सरकारी एवम् निजी क्षेत्रको संलग्नतामा खुला प्रचारात्मक अभियान सञ्चालन गर्ने |
| न्यून सरकारी सेवा र गुणस्तरीयता | - नगरपालिकामा गुनासो राख्ने बाकस (भौतिक, वेब) स्थापित गर्ने<br>- नगरपालिकाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने<br>- सार्वजनिक सेवाहरूको उपलब्धता र पहुँचको नक्साङ्कन गर्ने<br>- व्यावसयिक सङ्गठन र स्थानीय अधिकारीहरू बीच द्वैमासिक या आवश्यकता ठाने बमोजिम उद्यमहरूको नियामक समस्याहरूका बारेमा संवाद सञ्चालन गर्न संयन्त्र निर्माण गर्ने |

| | |
|---|---|
| भौतिक बजारहरूको कम घनत्व | - विद्यमान बजार र उत्पादन क्षमताको नक्साङ्कन<br>- अतिरिक्त बजार व्यवस्थाको आवश्यकताको बारेमा विक्रेता र ग्राहकहरूसँग सोको आवश्यकता मूल्याङ्कन निरन्तर रूपमा गर्ने |
| दिगोपन सम्बन्धी बाधा र अवसरहरूको सन्दर्भमा अपर्याप्त अन्तर्क्रिया एवम् कार्यक्रम | - दिगोपन सम्बन्धी समस्याहरूको सम्बोधन गर्न नगरपालिकाभित्र एक संयन्त्र स्थापना गर्ने<br>- हरेक नयाँ स्थापना हुने उद्योग, व्यवसाय (स्टार्टअप) र प्राथमिकताका क्षेत्रहरूका लागि दिगोपनका मुद्दाहरू सम्बोधन गर्न विशेष प्याकेजहरूसहित बैङ्कहरूसँग सहुलियतपूर्ण ब्याजदरका लागि पहल गर्ने<br>- हरेक नया स्थापना हुने उद्योग, व्यवसाय (स्टार्टअप) र प्राथमिकताका क्षेत्रहरूका लागि दिगोपनका मुद्दाहरू सम्बोधन गर्न वातावरणीय र जलवायु अनुकूलनका लागि अवलम्बन गर्नुपर्ने विषयलाई अनिवार्य सर्तका रूपमा लागु गर्ने<br>- उद्यम लगानी निर्णयहरूमा तिनीहरूको प्रभावको सन्दर्भमा सान्दर्भिक वातावरणीय नीतिहरू र नियमहरूको समीक्षा गर्ने र आवश्यक भएमा यी नीति/नियमहरू परि मार्जन गर्ने । |
| स्थानीय अनुकूलन कार्ययो जना (LAPA) अझै तयार वा कार्यान्वयन नहुनु | - पालिकास्तरको योजना तर्जुमा प्रक्रियामा बातावरण परिवर्तनका सवालहरू र अनुकूलनका योजनाहरूलाई समावेश गर्ने र लापालाई निरन्तर प्रक्रियाको रूपमा लिने<br>- LAPA को सन्दर्भमा नगरपालिका अधिकारीहरूलाई अभिमुखीकरण गर्ने<br>- LAPA को तयारी र कार्यान्वयनका लागि कार्ययोजना डिजाइन गर्ने<br>- अन्तरपालिका, सङ्घ र प्रदेश तहमा जलवायु अनुकूलन र संयन्त्रको तर्जुमा गर्ने |
| दिगोपन र जलवायु अनुकूलनको प्राविधिक क्षेत्रहरूमा कम लगानी गतिविधि | - उद्यमहरूको दिगोपन र जलवायु अनुकूलनको विषयमा विद्यमान अवस्था र व्यावसायिक समुदायको धारणाको अध्ययन गर्ने<br>- जलवायु परिवर्तनलाइ अवलम्बन गर्नका लागि उद्यमहरूको आफ्नो संवेदनशीलता क्षमता बढाउन कार्यक्रम बनाउने<br>- स्वच्छ प्रविधिहरूको अवलम्बन गर्न निरन्तर अभिमुखीकरण कार्यक्रम गर्ने |
| व्यापार प्रक्रियाहरूको कम डिजिटलाइजेसन | - व्यापार डिजिटलीकरण अभियान सञ्चालन गर्ने<br>- व्यवसायहरूको डिजिटलीकरणमा सार्वजनिक, निजी र सहकारी संयन्त्र बनाई कार्यान्वयन गर्ने<br>- डिजिटलाइजेशन सफ्ट र हार्डवेयरको टेक्नोलोजी ट्रान्सफर गर्ने कार्यक्रमहरू तर्जुमा गर्ने<br>- स्थानीय व्यावसायिक प्रशिक्षण प्रदायकहरूलाई डिजिटल प्राविधिकहरू विकास गर्न प्रोत्साहित गर्ने |

## अनुसूची ४: भविष्यका परिदृश्यहरू

### परिदृश्य १ – गैरजिम्मेवार राजनीतिक दलहरू र प्रभावकारी रणनीतिक परियोजनाहरू 'उज्यालो चाँदीको रेखा, कालो बादल'

घोराही उपमहानगरपालिकाले २०२२ सालमा विभिन्न खालका रोजगारी, आम्दानी र सामाजिक विकासमा जनतालाई पुऱ्याउन सक्ने दीर्घकालीन सोचका साथ तीनवटा उत्कृष्ट आर्थिक विकास आयोजना पहिचान गरेको थियो । जसमा फराकिलो सञ्जाल सडक, पुल र पानी भण्डारण पोखरी निर्माण जस्ता पूर्वाधार सम्बन्धी परियोजनाहरू समावेश थिए । तर, प्रारम्भदेखि नै नगरपालिकाको नेतृत्वले प्राथमिकताका आयोजना छनोटमा अन्य राजनीतिक दल र नागरिक समाजको समर्थन जुटाउन सकेन । मतभेद सुल्झाउन धेरै बैठकहरू भए । तर, ती व्यर्थ प्रयासहरू हुन् । यी आयोजनामा राजनीतिक दल र विभाजित नागरिकको असहयोगका कारण नगरपालिकाको गौरवका यस्ता ठूला योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जटिल प्रक्रिया भएको थियो ।

अन्ततः निर्माण सुरु भए पनि वडाहरूबीच स्थान र लाभका विषयमा बारम्बार विवाद हुँदा तीन वर्षको आयोजना सम्पन्न गर्न करिब पाँच वर्ष लागेको थियो । राजनीतिक दलहरूले आफ्नो निहित स्वार्थका कारण समस्या र विवाद सिर्जना गरे जसले गर्दा आयोजनाहरू लगभग असफलताको छेउमा पुगे । यी आयोजनाहरूको कार्यान्वयन प्रक्रिया अत्यन्तै सन्तोषजनक नहुँदा जनताको समय, ऊर्जा र पैसाको बर्बादी भएको छ ।

प्रमुख राजनीतिक दलको सक्रिय सहभागिता नभएको बरू समयमै टेन्डरको बोलपत्र प्रक्रिया अघि बढाउन अवरोध सिर्जना भएको थियो जसले गर्दा निर्माणमा ढिलाइ भई बजेटमा थप वृद्धि भएको थियो । तोकिएको समयावधिभित्र नियोजित गतिविधिहरू कार्यान्वयन गर्न गाह्रो भएकाले यसले करिब पाँच वर्षअघिको अपेक्षा गरेको आर्थिक आकांक्षा पूरा गर्न सक्नेछन् कि छैनन् भन्ने शङ्का नागरिकमा थपिएको छ । राजनीतिक दलहरूको असहयोगको निरन्तरताले जतिसुकै राम्रा आयोजनाहरू भए पनि नकारात्मक परिणाम ल्याएको छ । आयोजना सम्पन्न भइसकेका र जनताले लाभ लिन थाले पनि राजनीतिक दलहरूले आयोजना व्यवस्थापनमा साझा बुझाइ र धारणा नरहेको अवस्थामा ती आयोजनाको दीर्घकालीन दिगोपन सुनिश्चित हुने हो कि होइन भन्ने शङ्का छ ।

**परिदृश्य २ – गैरजिम्मेवार राजनीतिक दलहरू र प्रभावहीन परियोजना योजनाहरू 'अराजक घोराही, अनियन्त्रित नेताहरू'**

घोराही उपमहानगरपालिकामा प्रशस्त प्राकृतिक वरदानहरू छन् र भौतिक विकासका लागि तुलनात्मक रूपमा सजिलो भूगोल छ। सुरुमा राजनीतिक दल र नागरिक समाजबाट निकै राम्रो सहयोग थियो । यो अनुकूल परिस्थितिको पृष्ठभूमिमा नगरपालिकाले रणनीतिक महत्त्वका केही आशाजनक आर्थिक विकास परियोजनाहरू विकास गऱ्यो जसले सामान्यतया ठूलो जनसङ्ख्यालाई रोजगारी, आय र सामाजिक विकासको दृष्टिले फाइदा लिन सक्छ । तर, योजना बनाउँदै गर्दा कुनै पनि राजनीतिक दलले रणनीतिक महत्त्वका आयोजनालाई अनुमोदन गर्न एकात्मक सहमतिमा नआए पनि अन्ततः निहित महत्त्वका साना आयोजना छनोट गर्ने नयाँ अवस्था सिर्जना भयो । कालान्तरमा राजनीतिक दल र तिनका सहानुभूतिहरूबीचको एकता खस्कियो । यो अवस्थाले ती आयोजना कार्यान्वयनमा ढिलाइ भएको हो । यसले जनताको अपेक्षालाई चकनाचूर पारेको छ जबकि यी रणनीतिक महत्वका उच्च परिकल्पना गरिएका आर्थिक समृद्धि आयोजना थिए । यसबाहेक, परियोजना व्यवस्थापनका महत्त्वपूर्ण तत्त्वहरू जस्तै : पारदर्शिता र सुशासनलाई कमै प्रस्तुत गरिएको थियो, जसका कारण विवाद उत्पन्न भयो र समय-समयमा एक निरीक्षण निकायले स्थिति सुधार गर्न हस्तक्षेप गर्नुपऱ्यो । जसले गर्दा आयोजनाहरू अनिश्चित समयावधिका लागि स्थगित भएका छन् ।

अत्यधिक जलाधार खेतीयोग्य जमिन, जलस्रोत, सामाजिक एकता भएका मानिस, सार्वजनिक कोषको उपलब्धता लगायतका विभिन्न अनुकूल परिस्थिति रहे पनि उपमहानगरपालिकाले रणनीतिक महत्त्वको आर्थिक विकास आयोजना कार्यान्वयन गर्न सकेको छैन । यसको मुख्य कारण राजनीतिक दलहरूबीचको झगडा, अविश्वास र बढ्दो निहित स्वार्थका कारण बृहत्तर समझदारी र राम्रो समन्वय संयन्त्र नभएर समयमै मतभेदहरू समाधान गर्न सघाउने थियो । अन्ततः राम्रा आयोजनाहरू नराम्रोमा परिणत भए र त्यसको मारमा आम जनता नै परे । यसले विकास आयोजना कार्यान्वयन गर्दा राजनीतिक दलहरूको नराम्रो उदाहरण खडा गरेको छ । यसको दीर्घकालीन स्पष्ट परिणामले नगरपालिकाको रोजगारी, आम्दानी र बृहत्तर सामाजिक विकासको अवसर गुमाएको छ ।

**परिदृश्य ३ – जिम्मेवार राजनीतिक दल र रणनीतिक महत्वका प्रभावकारी योजनाहरू : 'समृद्ध घोराही, सुखी नागरिक (दङ्गाली)'**

२०२२ मा भएको स्थानीय निर्वाचनपछि नगरपालिकाका विभिन्न पदमा पाँच राजनीतिक दलले प्रतिनिधित्व गरेका छन् । महिला, दलित, आदिवासी जनजाति, बुद्धिजीवी लगायत सबै राजनीतिक दलको समानुपातिक प्रतिनिधित्व भएको बलियो नगर परिषद् गठन गरियो । आर्थिक विकासका लागि काम गर्दा राजनीतिक विचारधाराको भिन्नता भए पनि सबै राजनीतिक दलहरू रणनीतिक महत्त्वका ठूला योजनाहरू नगरपालिकाको गौरवको विषयका रूपमा अघि बढाउन दृढ र प्रतिबद्ध हुनुपर्छ भन्ने कुरामा नगरपालिका नेतृत्व सचेत थियो । यसका लागि राजनीतिक दलहरूले शृत्तलाबद्ध परामर्श बैठकहरू सञ्चालन गरे, सम्भावित द्वन्द्वका

क्षेत्रहरू पहिचान गरे र ती चुनौतीहरूलाई कसरी सुमधुर रूपमा समाधान गर्न सकिन्छ भनेर छलफल गरे । ठूला राजनीतिक तहको निर्णयमा राजनीति नै केन्द्रविन्दुमा रहे पनि नगरपालिकाको गौरवका आयोजनाहरू तर्जुमा गर्दा जनताको समस्या, आवश्यकता र चाहनाका लागि परामर्श लिनुपर्छ भन्ने तथ्य प्रमुख राजनीतिक नेतृत्वले बुझेका थिए । त्यसैले, उनीहरूले नागरिकलाई संलग्न गराए र उनीहरूलाई परियोजनाहरू कार्यान्वयनमा सक्रिय र सकारात्मक कार्यका लागि प्रोत्साहित गरे । यसो गर्दा, पहिचान गरिएका परियोजनाहरूको स्वामित्व समुदायका सबै वर्गहरूमा बढ्यो । फलस्वरूप उनीहरूले घोराहीको गेम चेन्जर हुने परिकल्पना गर्दै रणनीतिक महत्त्वका तीनवटा ठूला आर्थिक विकास आयोजनाहरू पहिचान गरे । जसमा नगरपालिकाभर सडक निर्माण र सहरलाई ग्रामीण क्षेत्रसँग जोड्ने, सिँचाइ र मनोरञ्जनका लागि उपयोग गर्ने लक्ष्य राख्दै जलाधारको संरक्षण गर्ने पोखरी निर्माण लगायतका तीनवर्षे परियोजनाहरू समावेश छन् ।

एकीकृत भिजन, राम्रो योजना र पर्याप्त बजेटको व्यवस्थाबाट आयोजनाहरू सुरु भएका छन् । नियमित अनुगमन, प्रतिवेदन र कमजोरी सच्याउने संयन्त्र सुरुदेखि नै ल्याइयो । यसले समयमै योजनाहरू सम्पन्न गर्न र नागरिकहरूलाई समान रूपमा लाभ पुऱ्याउन प्रोत्साहित गऱ्यो । यसबाहेक, यी दृष्टिकोणहरूले विकास योजनाहरूको स्वामित्व र स्वामित्वको भावनालाई बढावा दिए ।

सङ्घीय र प्रादेशिक सरकार र बाह्य एजेन्सीहरूको पनि समर्थन जुटाउन नियोजित परियोजनाहरूमा व्यापक जनसहभागिता थियो । पाँच वर्षअघिको परिकल्पना अनुसार आफ्ना नागरिकलाई आम्दानी र रोजगारी बढाउने अवसर प्रदान गर्दै समयमै यी आयोजना सम्पन्न भएका छन् । त्यसैगरी, यी सफल परियोजनाहरूले समुदायमा सुदृढ सामाजिक एकता, सद्भावजस्ता अन्य परिणामहरू पनि पाएको देखियो । परियोजनाका लाभहरू प्रदान गर्दा, यसले नगरपालिकाका अन्य बहुआयामिक रणनीतिक उद्देश्यहरू पूरा गऱ्यो । जस्तै : समावेशिता, सुशासन, नागरिक र मानव अधिकार, एकताबद्ध र सामंजस्यपूर्ण सामाजिक व्यवस्था ।

यी आर्थिक विकास आयोजनाहरूले कृषिको व्यावसायिकीकरणमा प्रत्यक्ष सहयोग पुऱ्याएका थिए भने गाउँको उत्पादन सहरमा पुगेर सहरका सुविधाहरू गाउँसम्म पुऱ्याएर दिगो चक्राकार अर्थतन्त्र निर्माण गर्ने एकीकृत आर्थिक प्रणाली स्थापना गरेका थिए । नगरपालिकाले अपनाएको दृष्टिकोणलाई अन्य नगरपालिकाहरूले अनुकरणीय मोडेलका रूपमा पुरस्कृत र मान्यता दिएको थियो ।